वर्ष : २१, अंक : ९, काठमाडौं, २०८२ असार ६ गते शुक्रबार, 20 June, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## श्रम बजारको माग बमोजिम जनशक्ति तयार गर्नुपर्छ : श्रममन्त्री भण्डारी



काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले नेपालीलाई नेपालको रोजगारीमा संलग्न गराउन श्रम बजारको माग बमोजिमको जनशक्ति तयार गर्नु पर्नेमा जोड दिएका छन्।

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले बिहीवार राजधानीमा आयोजना गरेको सरकारी तथा गैरसरकारी निकाय तथा संस्थाको अन्तरक्रिया गोष्ठीमा बोल्दै मन्त्री भण्डारीले गोष्ठीमा प्रस्तुत भएको प्राविधिक कार्यपत्रलाई थप परिष्कृत गरी नेपालको आफ्नै तथा विश्व श्रम बजारको माग बमोजिम सीप तथा क्षमता विकासलाई जोड दिएका हुन् ।

मन्त्री भण्डारीले देशभित्रै रोजगारी सृजना गर्नु नै पर्ने चुनौतिलाई समाधान गर्न सबै सरोकारवालाहरु गम्भीरतापूर्वक कार्य गर्नु पर्ने बताए। उनले भने, 'देशभित्र आन्तरिक रोजगारीको प्रचुर सम्भावनाहरु छन, हामीले तालिम दिएर मात्रै हैन, व्यवहारिक र प्रविधिमा आधारित ज्ञान सीपको प्रवर्द्धन गर्नु पर्नेछ'।

उक्त कार्यक्रममा बोल्दै मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले नेपालको श्रम बजारमा देखा परेको असिमेट्रिक मार्केट सिन्ड्रोम र म्युटेसन सिन्ड्रोमलाई तोड्न प्रभावकारी तवरले काम गर्न श्रम बजारको माग र श्रमिकको प्रक्षेपणमा मन्त्रालयले जोड रहेको प्रष्ट्याउनु भयो। कार्यक्रममा सचिव डा. पुष्करले आन्तरिक रोजगार प्रवर्द्धनको दश बर्षे अभियानमा संलग्न हुन सबैलाई आह्वान गरेका थिए। त्यस्तै, ललितपुर महानगरपालिका मेयर चिरीबाबु महर्जनले अहिले देशैभरी स्थानीय तहहरुले सीपमुलक तालिम दिने होडबाजी चलाएको भए पनि तालिम प्राप्त गर्ने व्यक्तिहरुलाई श्रम बजारमा प्रवेश गराउन सहुलियतपूर्ण कर्जा लगायतका प्रवर्द्धनकारी कामहरु समेत अघि बढाउनु पर्ने जानकारी दिनु भयो।

उक्त गोष्ठीमा विज्ञहरुद्वारा आन्तरिक रोजगारी सृजना गर्नका लागि दक्ष जनशक्ति उत्पादन गर्न, बजार र मागमा आधारित सीपमुलक तालिमहरुको पाठ्यक्रम, समयावधी लगायतका बिषयमा तीन वटा कार्यपत्रहरु प्रस्तुत भएको थियो।

# संघीय लोकतान्त्रिक मोर्चाले आदिवासी जनजातिसँग सहकार्य गर्ने

काठमाडौं । तराई-मधेशकेन्द्रित सात राजनीतिक दलको संघीय लोकतान्त्रिक मोर्चाको बैठकले चारबुँदे निर्णय गर्दै सम्पन्न भएको छ ।

शुक्रबार संघीय लोकतान्त्रिक मोर्चाको बैठक राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतो अध्यक्षतामा राष्ट्रिय मुक्ती पार्टी नेपालको केन्द्रीय कार्यालय शान्तिनगरमा बसेको थियो ।

बैठकमा जसपा नेपालको तर्फबाट उपेन्द्र यादव, राजकिशोर यादव,राम कुमार शर्मा, लोसपा नेपालको तर्फबाट महन्थ ठाकुर, ज्ञानेन्द्र झा, मुकेश झा, जनमत पार्टीको तर्फबाट अब्दुल खान, राष्ट्रिय मुक्ति पार्टीको तर्फबाट राजेन्द्र महतो, केशव झा,अनिल महासेठ, चन्द्रनारायण चौधरी, नागरिक उन्मुक्ति पार्टीको तर्फबाट लालबिर चौधरी, जनता प्रगतिशील पार्टी नेपालका तर्फबाट हृदयेश त्रिपाठी र डा.शिवजी यादव र तमलोपाको तर्फबाट वृषेश चन्द्र लाल उपस्थित रहेका थिए । सो बैठकले निम्न बमोजिमका निर्णयहरु गरेको छः



१. मोर्चाको अर्को बैठक बस्नु अघि मोर्चाका सबै घटक दलहरुबाट सुझाव लिई कार्यविधिलाई पुर्णता दिई मोर्चाको आउने बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो।

२. आदिवासी जनजातिहरुको सवालमा काम गरिरहेका राजनीति दल र संगठनहरुसंग सहकार्य गर्ने निर्णय गरियो, र सो कार्यको लागि मोर्चाको सचिवालयले सहकार्यको लागि संवादलाई अगाडि बढाउने निर्णय गरियो ।

३. भिजिट भिसाको सम्बन्धमा छानविन गरि सत्य तथ्य सार्वजनिक गरिनुपर्ने र मानव तस्करी तथा भ्रस्टाचारमा संलग्न अपराधीहरु उपर कडा कार्यवाही गर्न माग गर्ने निर्णय गरियो ।

४. हिजो मित्र राष्ट्र भारतको अहमदावादस्थित विमानस्थल नजिकै एयर इन्डियाको जहाज दुर्घटना भएको अकल्पनीय घटनाप्रति बैठकले गहिरो दुख व्यक्त गर्दछ । उक्त दुर्घटनामा ज्यान गुमाएका दिवंगत आत्माहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनहरुमा बैठकले हार्दिक समवेदना व्यक्त गर्दछ ।

## सप्तरीमा थ्री फेज कृषी विद्युतिकरणको शुभारम्भ



सप्तरी । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-६ मा बुधवार 'थ्री फेज कृषी विद्युतिकरण' कार्यको औपचारिक शुभारम्भ गरेका छन् । कृषिमा उत्पादन वृद्धि र सिंचाइको सुविधा सहज बनाउने उद्देश्यले नगरपालिकाभित्रको यो योजनाले वडाहरू २, ५, ६, ७ र ८ का हजारौं कृषकहरूलाई लाभ पुग्ने अपेक्षा गरिएको छ । विद्युतिकरण कार्य सम्पन्न भएपछि ती क्षेत्रका कृषकहरूले अब डिजेलपम्पमा निर्भर हुनु नपर्ने नगरप्रमुख वीरेन्द्र माझीले जानकारी दिएका छन् । उनका अनुसार सिंचाइका लागि आवश्यक पर्ने विद्युत महसुल नगरपालिकाले नै व्यहोर्नेछ । "कृषकहरूको आर्थिक बोझ कम गर्न र उनीहरूको उत्पादनमा वृद्धि ल्याउन हामीले यस्तो निर्णय गरेका हौं," नगरप्रमुख माझीले भने ।

मुख्यमन्त्री सिंहले उद्घाटन कार्यक्रममा बोल्दै कृषि विकासमा प्रविधिको प्रयोग अपरिहार्य रहेको बताउँदै प्रदेश सरकारले यस्ता योजनालाई प्राथमिकतामा राखेको उल्लेख गरे । "हामी कृषिमा आत्मनिर्भर बन्न चाहन्छौं, त्यसका लागि सिँचाइ, मल, बीउ र बजार सुनिश्चित गरिनु पर्छ। यस्ता कार्यक्रमहरूले त्यसको आधार तयार गर्छ," मुख्यमन्त्री सिंहले भने । उक्त कार्यक्रममा स्थानीय जनप्रतिनिधि तथा किसानहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको समन्वय नगरपालिकाको कृषि शाखाले गरेको थियो । थ्री फेज विद्युतिकरणपछि किसानले सहज रूपमा मोटर पम्प चलाउन सक्ने र समयमै खेतमा पानी पुऱ्याउन सक्ने भएकाले उत्पादकत्वमा उल्लेख्य वृद्धि हुने आशा गरिएको छ ।

## 'युवा जोडौं अभियान २०८२' सम्बन्धी छलफल

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको केन्द्रीय कार्यालय, बबरमहलमा "युवा जोडौं अभियान २०८२" सम्बन्धी महत्वपूर्ण छलफल सम्पन्न भएको छ । छलफलमा पार्टीका महासचिव एवं प्रवक्ता मनिष कुमार मिश्र, सचिव ब्रजेन्द्र मिश्र (वुलन) र लोकतान्त्रिक युवा संघका अध्यक्ष सुजन यादवको उपस्थिति रहेको थियो । कार्यक्रममा अभियानका उद्देश्य, रणनीति र कार्ययोजनाका विषयमा व्यापक विचारविमर्श भएको बताइएको छ ।

महासचिव मिश्रले युवालाई पार्टीसँग सशक्त ढंगले आबद्ध गराउँदै लोकतान्त्रिक आन्दोलनलाई नयाँ ऊर्जा दिने अभियानको आवश्यकता औंल्याए । सचिव मिश्रले युवालाई संगठित गरी उनीहरूको सृजनशीलता र क्षमतालाई राष्ट्रिय विकासमा परिचालन गर्नुपर्ने धारणा व्यक्त गरे । सोही अवसरमा लोकतान्त्रिक युवा संघका अध्यक्ष सुजन यादवले "२०८२ मा ८२ हजार युवा" जोड्ने लक्ष्य हासिल गर्नका लागि स्थानीयस्तरमा अभियानलाई तीव्र बनाउनुपर्नेमा जोड दिए ।

पार्टीले निकट भविष्यमा देशभर अभियानलाई व्यापक बनाउने, जिल्ला र प्रदेशस्तरमा युवा भेला गर्ने तथा डिजिटल प्लेटफर्ममार्फत युवालाई सक्रिय सहभागी बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ ।

## निजामती सेवा विधेयकबारे मधेशी अधिकृत समाजद्वारा मन्त्री गुप्ताको ध्यानाकर्षण

काठमाडौं । मधेशी अधिकृत समाज नेपालले 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' बारे सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको ध्यानाकर्षण गराएको छ ।

निजामती विधेयकमा मधेशी समुदायको प्रतनिधित्व निष्पक्ष, समावेशी र न्यायसङ्गत हुनुपर्ने माग गर्दै समाजले मन्त्री गुप्ताको ध्यानाकर्षण गराएको हो । मंगलबार मन्त्रालयमै पुगेर समाजले आफ्नो ध्यानाकर्षण पत्र मन्त्री गुप्तालाई हस्तान्तरणसमेत गरेको छ ।



ध्यानाकर्षण पत्रमार्फत समाजले राजपत्राङ्कित प्रथम श्रेणीको समावेशी खुला प्रतिस्पर्धाको निरन्तरता, आरक्षणमा सुधार, राजपत्राङ्कित विशिष्ट श्रेणीमा पदावधि तोकिनुपर्ने, सबै सेवा समूहमा वृत्तिपथको समान अवसर र पदोन्नतिको व्यवस्थामा एकरुपता हुनुपर्ने तथा समावेशी पदोन्नति प्रणाली विकास गरिनुपर्ने माग गरेको छ ।

समावेशी, उत्तरदायी र संघीय मूल्यमान्यतासँग मेल खाने निजामती प्रशासन निर्माणका लागि आफूहरूले ध्यानाकर्षण पत्र मन्त्रीसमक्ष पेस गरेको समाजका अध्यक्ष भुदेव झाले जानकारी दिए । संविधानको धारा १८, ४२ र २८५ ले समाजका सबै वर्ग, समुदाय र क्षेत्रको सहभागिता सुनिश्चित गर्न स्पष्ट व्यवस्था गरेको सन्दर्भमा सङ्घीय निजामती सेवा विधेयकमा मधेशी समुदायको समावेशितासम्बन्धी विशेष प्रावधानहरू स्पष्ट रुपमा उल्लेख हुनुपर्ने उनको भनाइ छ ।

## 'लुटेरा शासकहरुको कमाण्डर हुनुभन्दा पीडित जनताको सिपाही हुनुमा गौरव छ'

काठमाडौं । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले लुटेरा, भ्रष्ट शासकहरुको कमाण्डर हुनुभन्दा शोसित, पीडित, अधिकार विहीन, आवाज विहीन सर्वसधारणको सिपाही हुनुमा गौरव लागेको बताएका छन् ।

आजपा निकटको आम सम्पर्क मञ्च केन्द्रीय कमिटीको शनिबार काठमाडौंको कोटेश्वरमा बसेको बैठकलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

'म जुन पार्टीमा थिए, त्यहाँ राम्रै पोजिसनमा थिए । तर त्यहाँबाट आम जनताले अधिकार नपाउँने, भ्रष्टहरुको रजगज रहेको मैले अनुभुति गरे,' आजपा अध्यक्ष साहले भने, 'आम जनताले कसरी अधिकार पाउँने, राज्यसत्तामा कसरी पहुँच हुने, अधिकार विहीनको अधिकार कसरी सुरक्षित गर्ने भन्ने बारेमा सोचेरै आम जनता पार्टीको गठन गरेको हो । मलाई लुटेर, भ्रष्ट एवं शासकहरुको कमाण्डर हुनुभन्दा शोसित, पीडित, अधिकार विहीनहरुको सिपाही हुनुमा गर्व महशुस हुन्छ ।'



काँग्रेस, कम्युनिष्ट भनाउँदा दलहरुले आम जनतालाई धोखा दिईरहेको बताउदै उनले शासनसत्तामा आम जनताको अधिकार एवं सहभागिताका लागि पाईरहेको सुख, सुविधा त्यागेर, गठबन्धनको टिकट परित्याग गरि स्वतन्त्र उम्मेदवारी दिएको बताए ।

अहिले शासन व्यवस्था लुटेर वर्गको कब्जामा रहेको र नेपालमा लुटेर विदेशमा सम्पती थुपारिरहेकाले आम जनताको शासन व्यवस्थामा पहुँच नभएसम्म संघर्ष जारी राख्ने उनले बताए । नेपालमा दुई थरीको मान्छेहरु रहेको बताउदै उनले एकले नेपाललाई समृद्ध बनाउन खोजेको र श्रम गरिरहेको बताए । अर्को थरीका मान्छे नेपालमा लुटने, भ्रष्टाचार गर्ने र विदेशमा पुँजी थुपार्ने काम गरिरहेको उनले बताए ।

नेपालमा आफ्नो भविष्य सुरक्षित नदेखेपछि यहाँबाट लुटेर विदेशमा पुँजी थुपार्नेहरु उतै बस्न खोजेको उनले बताए । नेपालको पुँजी पनि उनीहरुले बिदेशमा लगिरहेको बताउदै उनले यसमा सरकारले पनि सहयोग गरिरहेको टिप्पणी उनले गरे ।

अहिले भगौडाबर्गको शासन रहेको बताउदै आजपा अध्यक्ष साहले आम जनताको शासन नहुँन्जेल संघर्ष जारी राख्नुपर्ने बताए । यस्तै दुनियामा कहि नभएको व्यवस्था नेपालमा गरेर लुट मचाउँने काम भईरहेको उनले बताए । ६५३ भन्दा बढी सरकारले करपिच्छे कर र करको पनि कर लिएर आम जनतालाई लुटिरहेको उनले बताए ।

'तीन टायरको सरकार विश्वमा कही पनि छैन् । तर नेपालमा तीन टायरको सरकार बनाएर लुट मचाइएको छ । करमाथि कर, करको पनि कर । सरकारले मुलुकमा कर आतंक मचाएको छ । यसका बिरुद्ध हामी एकजुट भएर संघर्ष गर्नुको विकल्प छैन,' आजपा अध्यक्ष साहले भने, 'सरकारको मनोमानी तथा सरकार पिच्छे कर आतंक बिरुद्ध लडनैपर्छ ।'

## सम्पादकीय

# राज्य संयन्त्र नै भ्रष्टाचारमा पूर्णतया लिप्त छन् ?

संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान ल्याएर नेपालमा असिमित परिवर्तन गराएको यश, कीर्ति लिने दलहरूको दुईतिहाईको सरकार बनाउँदा पनि देश अग्रगामी दिशामा किन अगाडि बढि रहेको छैन ? युवा शक्तिको पलायन किन रोकिएको छैन ? किन यत्र, तत्र, सर्वत्र विरोधका आवाजहरू घन्किरहेका छन् ? आर्थिक क्षेत्रको दयनीय अवस्थाको चित्कार त्यसै छर्लङ्ग देखिन्छ । व्यापार घाटा प्रतिवर्ष २१% ले बढ्दै जाने आफ्नो थिति बनाइसकेको छ । आयातको तीव्रतर वृद्धिले हाम्रो स्वाभिमान, नैतिकता, आचरणमा पनि दिनानुदिन ह्रास आइरहेको छ । हाम्रो मौलिकता क्षीण भइरहेको छ । निर्यात घुम्टो ओढेर बेहुली जस्तै गतिहीन छ । उत्पादक क्षमता बढाउने अनेक योजना तर्जुमा गरिएपनि उत्पादन क्षेत्र पूर्ण विराम अवस्थामा छ ।

विश्व बैंक, एडीबी, तथा नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्दै आइरहेको आर्थिक प्रतिवेदनमा हामी कति निरीह अवस्थामा छौं, देखाइरहेको छ । उत्पादकत्व वृद्धिले सिङ्गै आयातको विशाल आकारलाई घटाउँछ र यसलाई नियन्त्रणमा राख्छ । आयात खुम्चिएको अवस्थामा बल्ल आत्म निर्भर हुने अवसर आउँछ । तर यस्ता कुरामा सरकारको सक्रियता देखिएको छैन । बरू सरकारलाई अनावश्यक कुरामा सक्रिय बनाएर विरोधको माहौल तयार पार्ने सूक्ष्म खेलहरू सतहमा विकसित भइरहेको छ । दिनानुदिन विकसित भइरहेको आन्दोलन देख्दा यसको परिणति के होला अनुमान गर्न कठीन छ ।

उपत्यकाका बुद्धिजीवि, राजनीतिक विश्लेषक, अर्थविद् तथा अन्यका पत्र पत्रिकामा आएका लेखहरू सरकारप्रति उदासीन रहेको कुरा पनि छर्लङ्ग छ । आफ्नै पार्टीभित्रका शीर्ष पंक्तिहरूका सहकर्मीहरूको अभिव्यक्तिमा विरोधाभासको अनुभूति हुनु राम्रो कुरा होइन । आफ्नो र विरोधी सबै विरोधको पक्षमा उभिएपछि सरकारको औचित्यमाथि त्यसै पनि प्रश्न चिन्ह खडा हुन्छ । सानातिना विरोधबाट सरकार नडराउनु स्वाभाविक हो तर यही विरोधमा आफ्नोले पनि समर्थन गरेपछि स्थिति भयावह हुन्छ । यो भयावह स्थितिमा कोही पनि टिक्दैन ।

शक्तिशाली सरकार पनि राज्यसत्ताको पारम्परिक भ्रष्टाचार योजनालाई निरन्तरता दिने कुरामा अग्रसर छ । अर्थ, राजनीति र विकास लगायत सबै क्षेत्रमा माफियाहरू हावी भएकोले यिनीहरूकै निर्णय अनुसार सबै चल्ने परिपाटीमा कुनै फेरबदल भएको छैन । संघीय सरकारले स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाएपछि स्थानीय स्तरमा सबै काम स्थानीय सरकारले गर्ने कुरा छ । प्रादेशिक आवश्यकतालाई सम्बोधन गर्न प्रादेशिक सरकार छ । करोडौं खर्च गरेर चुनाव जितेर आएका प्रतिनिधीको भविष्य सुरक्षित गर्ने गरि बजेट विनियोजन भ्रष्टाचारको निरन्तरता नभई अरू के बुझ्ने ?

यस्तो प्रवृतिले देश होइन, भ्रष्टाचार गरि धन कमाएर सत्तामा सधैं बनिरह्ने मानसिकताबाट के आश गर्न सकिन्छ । धन खर्च गरेर चुनाव जित्ने परिपाटीले भ्रष्टबाहेक इमान्दार, योग्य, दक्ष राजनीतिज्ञहरू सत्तामा आउन कठीन छ । देश विकास तथा बेथिति सुधार्न आएको यो सरकार पनि भ्रष्ट आचरणलाई प्रोत्साहन गरेपछि जनताले के आश गर्ने । धन खर्च गरेर आउने जो कोही पनि आफूले खर्च गरेको दोब्बर कमाउने नियतमा रहन्छ । उसले भ्रष्टाचारबाहेकका कुरा सोच्दैन, बुझ्दैन पनि । यसरी भ्रष्टाचार क्रमिक रूपले झाँगिदै जान्छ र बेथितिलाई कहिल्यै निर्मूल गर्न सकिंदैन । माफियातन्त्रले धन आर्जन गर्ने उद्देश्यले देश विकासको कुरा गर्छ तर विकास परियोजनालाई परिणाममुखी हुन दिँदैन । ताकि यो असफल परियोजनामा पुनश्चः सहयोग जुटाएर धनार्जन परम्परालाई अगाडि बढाउन सकियोस् । अत्यधिक बहुमतको सरकारको अहिले साँसद पाल्ने नीति नियमबाट प्रष्ट हुन्छ कि यो सरकार आगामी दिनका लागि यस्तै बहुमत कसरी ल्याउने भन्ने रणनीतिबाट प्रेरित छ ।

सरकारले भ्रष्टाचारको छानबीन थालेको कुराबाट जनता आशावादी बनेका थिए । तर सतहमा आएका भ्रष्टाचारका मुद्दाहरू अनुसन्धानबिना त्यसै सेलाएर जानुको पछाडि जेसुकै कारण रहेपनि जनतामा सरकारप्रतिको विश्वसनीयता क्षीण हुन लागेको स्पष्ट हुन्छ । जनाधारबिना कोही टिक्न सक्दैन । यो सम्बेदनशीलताप्रति सरकार गम्भीर हुनु पर्दछ । शक्ति उन्मादले धरातलीय यथार्थबाट सरकारलाई टाढा गर्ने सम्भावना बढि हुन्छ । यसप्रति सचेत हुन जरूरी छ । अहिले सरकारकै अनावश्यक गतिविधीका कारण जुन प्रकारले आन्दोलनको विकास भइरहेको छ, यसले समाजका हरेक असन्तुष्ट पक्षलाई जगाउँछ । आन्दोलन सबैका साझा एजेण्डा भयो भने यसको परिणाम के होला ?

राज्य संयन्त्र भ्रष्टाचारमा पूर्णतया लिप्त छन् भन्ने सम्बन्धमा ट्रान्सपेरेन्सी इन्टरनेशनलले आफ्नो प्रतिवेदनमा उल्लेख गरि सार्वजनिक गरेको कुराबाट सरकारहरू कोही यसबारे सम्बेदनशील बनेन । राजनीतिक दलहरू आकार अनुसार भ्रष्ट आचरणमा बढि लिप्त छन् प्रतिवेदनले देखाएको छ । यहाँ संस्थागत भ्रष्टाचारको बोलवाला छ, सबैले बुझेको कुरा हो । राज्य संयन्त्र खान नपाउँदा बजेट खर्च नै गर्दैनन् । राज्य संयन्त्र विदेशी लगानी आकर्षित गर्नेदेखि लिएर विकास योजना बनाएर बजेट सिध्याउने तर उपलब्धि शून्यमा राख्ने, फेरि त्यही योजना देखाएर अरूसंग लगानीको आग्रह गर्ने यो परम्परा निर्बाध चल्दै आएको हो । राज्य संयन्त्रसंग सम्बन्ध राख्न आउने नयाँ मानिस पनि विस्तारै संयन्त्रबाट प्रभावित भई भ्रष्टाचार संगठनका सक्रिय सदस्य भई काम गर्न थालेको प्रष्ट देखिन्छ ।

# राजनीतिक परिदृश्यमा देखिएका बेथिति र निराकरणका सम्भावित उपाय



वृषेशचन्द्र लाल

अब त नेपालको राजनीतिक क्षेत्र र खास गरेर राज्य-सञ्चालनसँग सम्बन्धित निकायहरूमा भ्रष्टाचार र विधि विपरीतका दण्डनीय क्रियाकलापहरूको बिगबिगीले व्याप्त घोर निराशाको बारेमा नेपालभित्र मात्रै होइन बाहिर पनि चर्चा हुन थालेको छ। नेपालभित्र कार्यानुभव बटुलेका केही नाम चलेका कूटनीतिज्ञ र विज्ञहरू यहाँको अवस्थाबारे छलफल गर्दा लोकतन्त्र र वैश्वीकरणले गर्दा नेपालले धेरै फाइदा लिएको र लिने उत्साहवर्धक सामर्थ्य राखे पनि भ्रष्टाचार र अनियमितताले थलिएको भन्न थालेका छन्।

बेथितिको कारण बारे कुरा गर्दा उनीहरू समेत जोडिने यस अवस्थालाई नै निरन्तरता दिइरहने केही सीमित व्यक्तिहरूको अटूट नेतृत्व र राज्य सञ्चालनमाथि नियन्त्रण जिम्मेवार देखिएको औंल्याउँदछन्। यस धमिलो वातावरणमा जनताले लामो संघर्षबाट प्राप्त गरेको संघीयता र लोकतान्त्रिक गणतन्त्र उल्टाउन प्रतिक्रियावादीहरू सक्रिय रहेको तर वर्तमान समस्याको समाधान यसले बिल्कुलै हुन नसक्ने कुरातिर समेत उनीहरू तर्क-वितर्क गरिरहेका छन्।

वास्तवमा सबै शक्तिको स्रोत र सार्वभौमसत्ता जनताको हातबाट खोसेर व्यक्ति हातमा दिनु भनेको हात लाग्यो शून्य र थपमा तानाशाहीको गम्भीर खतरा नै निम्त्याउनु हो। यहाँ बाहिरका विज्ञ र कूटनीतिज्ञहरूको चर्चाको अन्यथा अर्थ भन्दा, यी शब्दहरूले देश बाहिरबाट हामीलाई हेर्ने आँखाहरू पनि त्यस्तै देख्दैछन् भन्न खोजिएको प्रयोजन मात्र हो।

राजतन्त्रात्मक एकात्मक राज्यबाट संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण मन नपराउनेहरू, सत्ता र राज्य सञ्चालनमा अरू पनि सहभागी हुने ढोका खुल्यो भन्दै आक्रोशित हुनेहरू अथवा कतै केही आफ्नो हातमा रहेको दृश्य-अदृश्य ताकत हरायो भनी महसुस गर्नेहरू वर्तमान संविधान र कतै-कतै व्यवस्था विरुद्ध नै अभिव्यक्ति दिइरहेका र चुनौती खडा गर्ने कोशिशमा छन्।

मधेशी, थारू र आदिवासी-जनजातिहरू संविधान घोषित गरिएदेखि नै वर्तमान संविधान अपूर्ण र त्रुटिपूर्ण छ भन्दै आन्दोलित भइरहे पनि आज उनीहरूलाई नै संविधानमा रहेको त्रुटि सच्याउने कुरामा अडिग रही संघीय लोकतान्त्रिक गणतन्त्रलाई बचाउने आवश्यकतालाई प्राथमिकतामा राख्नुपर्ने अवस्था देखिंदैछ। देश संघीय लोकतान्त्रिक गणतन्त्रमा गए पनि राज्य तथा शासनमाथि पकड राख्ने जमात रूपान्तरणको गतिमा तगाराहरू खडा गर्न नै व्यस्त रहे। अहिलेको विकट अवस्थाको मूल कारण यही नै हो। तैपनि हरेक क्षेत्रमा गहिरो गरी गाडिएको भ्रष्टाचार र विधिको शासन विपरितका बेथितिहरूबाट कुनै विधि भए पनि निजात पाउने उपायको खोजीको यात्रामा नागको डरले नागलोककै खाल्डोमा कुद्ने नियति नहोस् भन्ने चेत हुनु जरूरी छ। वर्तमान कहाली अवस्थाको अर्थात् अहिलेका चुनौती र समस्याहरूको निराकरण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई मजबूत गर्नुपर्ने आजको आवश्यकता हो।

तर, के हामी वास्तवमा निराकरणका उपायहरू खोजिरहेका छौं ? यद्यपि बहस भइरहेका छन् किन्तु ती बहसका अधिकांश अंश सरकारको स्थायित्वको उपायमा केन्द्रित छन्। मोटो अर्थमा अहिलेको परिस्थितिमा सरकारको स्थायित्व भनेको भ्रष्टाचारको यही स्थितिको स्थायित्व हो। भ्रष्टाचारको प्रसारको कुनै अन्त्य देखा परिरहेको छैन। राज्यका सबैजसो प्रमुख अंग र निकायका शीर्ष स्तरसम्म भ्रष्टाचारको छानबिन र त्यसपछि मुद्दाहरू दायर भएको देख्तछौं। सरकार मात्रको स्थायित्वले यसैको निरन्तरता नहोला भन्ने किञ्चित मात्र आधार देखिन्न।

बहसकै सिलसिलामा संघीयता विरोधी वकालत पनि भइरहेको देख्न सकिन्छ। हिजोसम्म संविधानको उत्कृष्टताको एकोहोरो बखान गर्दै यस संविधानमा कुनै अक्षर वा संकेतसम्मको संशोधन हुन सक्दैन भनेर कुर्लनेहरू अहिले आएर संघीयता खर्चिलो भयो भन्दै संघीयता खारेजीको वकालत शुरू गरेका छन्। गणतन्त्रबारे केही नबोले पनि संघीयता विरुद्ध आक्रामक हुनु भनेको व्यवस्था परिवर्तनको दिशातिर वातावरण निर्माणमा योगदान पुऱ्याउनु हो भन्ने तथ्यलाई प्रमाणित गरिरहनुपर्ने आवश्यकता छैन।

माथि उल्लिखित तथ्यहरूको तात्पर्य जनता खुशी छन् निराश होइनन् भन्ने चाहिं होइन। जनता निराश छन्। संघीयता लोकतन्त्र र गणतन्त्रले सोचेको वाञ्छित परिणाम दिएन भनेर आक्रोशित छन्। राज्य सञ्चालनको विकृत अभ्यास, लोकतन्त्रको नेतृत्व र अहिले भइरहेको प्रतिनिधित्वप्रति निराशा छ। हरेक पाइलामा दिनानुदिन झन्-झन् बढ्दै गइरहेको भ्रष्टाचार, तस्करी, विधिको पालनाभन्दा शासन गर्ने मानसिकता, सरकारहरूको लक्ष्य र दृष्टिको हकमा दिशाहीनताले समस्या बल्झेको छ। समस्या संघीयता, लोकतन्त्र र गणतन्त्रले होइन, तर सञ्चालन गर्नेहरू जो आए पनि कानै चिरेका र तिनै विकृतिका भष्ममा रमेर बसेका भएर निराशालाई लाज र जटिल बन्दै गएको छ।

प्रणालीमा देखिएका गम्भीर समस्या र त्यसका कारण

समस्या संघीयता, लोकतन्त्र र गणतन्त्रले होइन; यस अनुसारको व्यवहार र अभ्यासमा गम्भीर त्रुटिहरूले हो। संघीयताको आवश्यकता नै विविधताको उपस्थितिले हुन्छ। त्यसकारण, सबैमा र खासगरी संघीय निकायहरू एवं प्रादेशिक संरचनाहरूमा विविधताप्रति सम्मान र स्वशासनको प्रतिबद्धताका साथ सहशासनको लक्ष्य नभए संघीयताको लक्षित बिन्दुसम्म पुग्न सकिन्न। त्यस्तै लोकतन्त्रमा यसका अन्य धेरै अवयव सहित देशले चाहेको अन्तरालमा राज्य-सञ्चालनका प्रमुख अंगहरूमा नेतृत्वमा परिवर्तनको अवसरको प्रत्याभूति आवश्यक हुन्छ। नेतृत्वमा निरन्तरता लोकतन्त्रको सहज अभ्यासलाई बाधित मात्र गर्दैन कुनै न कुनै किसिमको स्वेच्छाचारिता तथा स्वार्थपरक सत्तावादी सोचलाई बढावा दिन्छ जसको एक मात्र अनुवाद नेतृत्त्वको मनपर्दी, लोकतान्त्रिक प्रतिनिधित्वको नाममा आफ्नो अनुसार मनलाग्दी प्रतिनिधित्वको बन्दोबस्त, गैरकानूनी क्रियाकलाप र भ्रष्टाचारमा हुन्छ। अहिले नेपालमा यही भएको हो।

हाम्रो लोकतन्त्र बहुदलीय हो, तर राजनीतिक दलहरूमा अनिवार्यतः हुनुपर्ने वैचारिक दृढताको आधार र सो अनुसारको कार्यक्रम आधारित स्वभाव नै हराएको छ। दलहरूमा आन्तरिक लोकतन्त्रको बिल्कुलै अभावले वैचारिक आधारको स्थिति झन् नमीठो र चिन्ताजनक बनाएको छ।

व्यक्तिवादी सोच र स्वार्थको बिगबिगी झन्-झन् बढ्दो छ। यसो हुनुको मुख्य कारण हाम्रो समाज अनुकूलको निर्वाचन प्रणालीको अभाव हो। पहिलो हुने निर्वाचित हुने र समानुपातिक समावेशी निर्वाचन प्रणालीको अहिलेको मिश्रित रूपको गल्ती छैन, गल्ती हाम्रो सोच र मानसिकता आधारित अभ्यासको हो। तर, सत्य यो पनि हो कि वर्तमान सामाजिक परिवेशमा यस सोच र मानसिकतामा सहजै सुधारको गुन्जाइस देखिन्न।

पहिलो हुने निर्वाचित हुने प्रणाली तार्किक दृष्टिले उपयुक्त र सहजै आकर्षित गर्ने भए पनि यो प्रणाली हाम्रो समाजको बनोट र ग्रहण गर्ने क्षमताको दृष्टिले परिणामदायी रूपमा व्यावहारिक साबित हुनसकेको छैन। जात, धर्म र अर्थको अनुचित अभ्यासले गर्दा यो प्रणाली नकारात्मक असरहरूले ग्रसित छ।

नेतृत्वपंक्तिमा प्रभुत्वशाली एवं दबंगहरूको बोलवाला छ। मर्यादित र सिद्धान्तनिष्ठहरू प्रतिस्पर्धा खेप्न नसकेर विस्थापित हुँदै पाखा लाग्दैछन्। वर्तमानमा राजनीतिको धमिलो स्थितिको यो पनि एउटा कारण हो। समानुपातिक समावेशी निर्वाचन प्रणालीको अंश फेरि यस्तै नेतृत्व पंक्तिको बन्दी हुन पुगेको देखिन्छ। यस प्रणालीको सन्दर्भमा अहिले जे-जति बेथितिहरू गनाइने काम भइरहेको छ ती सबै वास्तवमा यसमाथि जबर्जस्ती थोपरिएका अवगुणहरू हुन्।

त्यसकारण, लोकतन्त्रको सही अभ्यासको निमित्त यी सबै बाधक मानसिकता, अभ्यासजन्य त्रुटि र तिनका पहिचानमा आएका कारणहरूलाई निरुत्साहित गर्ने गरी निर्वाचन प्रणालीमा परिमार्जन आवश्यक भएको छ। फेरि, लोकतन्त्रमा राज्यका निकायहरूमा योग्यताको मूल्याङ्कन गरी जिम्मेवारीको निमित्त चयन गरिनुपर्दछ। तर, हामीकहाँ त्यसको ठीक विपरित बाँडफाँडको आधारमा सबै थोक तय हुन्छ। यसले कर्तव्यप्रति प्रतिबद्धताको बोध असम्भव छ। यही कारण हो कि राज्यका निकायहरू भ्रष्टाचार तथा खास व्यक्ति वा समूहप्रति पक्षधरताको अवस्था छन्।

अहिलेको अवस्थालाई गहिरिएर विश्लेषण गर्ने हो भने संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै अनुपयुक्त जस्तो भान दिने मुख्यतः ६ वटा सम्बोधन गर्नै पर्ने विषयहरू देखिन्छन्– १. भष्टाचार र विधिको उल्लंघनको प्रवृत्ति, २. त्यसलाई निरन्तरता दिने नेतृत्वपंक्तिको अटूटता, ३. यस्तै नेतृत्वको छनोटको निमित्त बढी उपयुक्त साबित भएको निर्वाचन प्रणाली, ४. यिनै कारणले मर्यादित एवं सिद्धान्तनिष्ठ राजनीतिकर्मीहरूको चुनावी प्रतिस्पर्धाबाट अलग-थलग हुने बढ्दो स्थिति ५. राज्यका निकायहरूमा जिम्मेवारी वितरणमा बाँडफाँड चलन, र ६. राजनीतिक आधारक्षेत्रमा मतदाता, समूह वा व्यक्तिको तुष्टीकरणको निमित्त धर्मशाला, नयाँ मन्दिर, सरकारको स्वामित्व नभएको मदरसा, पौवा-पाटी, शिलान्यास-उद्घाटन, उत्सव-समारोह जस्ता गैरउत्पादनशील, रोजगार सृजित नगर्ने, विकासको पूर्वाधार बाहेकका अनावश्यक कुराहरूमा राजस्व र आर्थिक क्षमताको दुरुपयोग।

निराकरणका सम्भावित उपाय

हाम्रा अहिलेका सम्बोधन गर्नै पर्ने मूल समस्याहरू माथिका यिनै उल्लिखित ६ वटा विषयहरू हुन् जसको समाधान वर्तमान प्रणालीमा केही सुधारहरूले सम्भव छ। राजनीतिक परिदृश्यमा देखिएका बेथिति 'अस्थायित्व'का कारण होइनन् बल्कि अस्थायित्व माथि उल्लिखित विषयहरूका मोला अर्थात् उप-उत्पादन हुन्। निर्वाचनका कानूनहरूमा स्थायित्वलाई मात्र लक्ष्यमा राखेर संशोधनहरू भयो भने जसको वकालत शासन सत्तामाथि पकड राख्ने विभिन्न कोणहरूबाट भइरहेको छ, त्यस्तो स्थायित्व अहिलेको विकृतिपूर्ण अवस्था, कुशासन र त्यसमाथि खास व्यक्ति एवं समूहको पकडको स्थायित्व मात्र हुनेछ। मूलतः माथि उल्लिखित विषयहरूको सम्बोधनको निमित्त गहिरो चिन्तनमनन जरूरी छ। सुझाव स्वरुप निराकरणका सम्भावना बोकेका केही उपायहरू निम्नानुसार प्रस्तुत छन् -

पूर्ण समानुपातिक निर्वाचन पद्धतिः लोकतान्त्रिक अभ्यासमा सुधार र यसमा फैलिएका विकृतिहरू रोक्न सबभन्दा पहिले निर्वाचन प्रणालीमा सुधार आवश्यक छ। सीट संख्यामा हेरफेर वा राजनीतिक दलहरूको संख्या नियन्त्रित गर्ने कोशिशले लोकतन्त्रको आवरणमा स्वेच्छाचारिता र अनियमितता नै बढाउँछ। अहिलेको मिश्रित निर्वाचन प्रणाली खारेज गरेर पूर्ण समावेशी समानुपातिक निर्वाचन प्रणालीले नेपालको कायापलट गर्न सक्दछ। यसो गर्दा जात, धर्म र अर्थको अनुचित अभ्यास धेरै हदसम्म नियन्त्रित हुन्छ किनभने यस प्रणालीमा व्यक्तिले होइन पार्टीले आफ्नो नीति र कार्यक्रम तथा त्यसमाथिको प्रतिबद्धताको आधारमा मत प्राप्त गर्दछ। व्यक्तिगत खर्च वा चलखेल बन्द हुन्छ। देशकै निर्वाचन खर्चमा कुल खर्चको दुई भागसम्म कटौती हुन सक्छ। पूर्ण समावेशी समानुपातिक निर्वाचन प्रणालीको निर्वाचन क्षेत्र भने प्रदेश तय गर्नुपर्दछ। यसले एकै चोटि संघीय र प्रादेशिक स्तरको समावेशिता सुनिश्चित गर्न सक्दछ र प्रादेशिक स्वशासनको स्थिति मजबूत गर्नेछ। निर्वाचनको यस्तो प्रणालीले राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको स्थिति र लोकप्रिय क्याडरहरूप्रति न्यायमा बढोत्तरी गर्नेछ।

स्वशासनको लक्ष्यको निमित्त प्रादेशिक पार्टीहरूलाई मान्यताः संघीयताको मर्म र स्वशासनको वाञ्छित स्थितिको निमित्त प्रादेशिक राजनीतिक दलहरू खोल्ने सञ्चालन गर्ने कानूनी प्रावधान आवश्यक छ। यस्ता दलहरू प्रदेशभित्रका समस्या र विकासको बाटोको पहिचान गरी त्यसैमा केन्द्रित रहेर जनताको अगाडि जान सक्नेछन्। प्रादेशिक हितमा बहस र निगरानीमा समेत वृद्धि हुनेछ।

गैरदलीय आधारमा स्थानीय तहको निर्वाचनः गैरदलीय आधारमा स्थानीय तहहरूको निर्वाचनको माग प्रारम्भदेखि नै हुँदै आइरहेको हो। दलीय आधारमा स्थानीय तहहरूको निर्वाचन भोट बैंक निर्माण लक्षित मात्र हो। यसले स्थानीय तहहरूमा अपेक्षाकृत निष्पक्ष, विकासप्रेमी, चलखेलमा रुचि नराख्ने व्यक्तित्वहरूलाई स्थानीय आवश्यकताको प्रयोजनले नेतृत्वमा आउन बाधित गरेको छ। स्थानीय तहलाई विकासकेन्द्रित र सुशासन अभिमुख बनाउन गैरदलीय आधारमा स्थानीय तहको निर्वाचन अत्यन्त जरूरी छ।

प्रधानमन्त्री, मन्त्री आदि पदमा दुई पटक भन्दा बढी बस्न नहुने व्यवस्थाः नेपालमा प्रधानमन्त्री, मन्त्री जस्ता पदमा कति पटक बस्न सकिने भन्ने कुराको सीमा छैन। लगातार र लामो अवधिसम्म यस्ता पदमा बसिराख्ने होडबाजी छ। राजनीतिक व्यवस्थापन र सम्बन्धहरूका आधारमा यसो हुने गर्दछ। इतिहासमा यसैले उल्लिखित रहने लालसा वा अन्य स्वार्थले यसो हुने गरेको छ जसको दुष्परिणाम सम्पूर्ण देशले भोगिरहने बाध्यता छ। यसले राज्य सत्तादेखि निर्वाचनको प्रणाली समेत प्रभावित भएर शासन, नीति र कार्यक्रम तथा अन्य राजनीतिक व्यवस्थापनमा कुप्रवृत्तिहरू जन्मेका छन्। यसले लोकतन्त्रको मूल आधार आवधिक निर्वाचनद्वारा आवश्यकता अनुसार नेतृत्व परिवर्तन अर्थहीन हुन पुगेको छ। प्रधानमन्त्री र मन्त्री जस्ता पदमा कार्यकाल जति रहे पनि दुई पटक भन्दा बढी हुन नपाउने कानूनी व्यवस्थाले अहिले व्याप्त धेरै विसंगतिहरूको अन्त्य गर्न सक्दछ। यसले नेतृत्व-पंक्तिमा सोच र मानसिकतामा अनुकूल बदलावको मार्ग समेत प्रशस्त गर्नेछ।

स्वविवेकी अधिकार बाहेक प्रक्रिया वा नियुक्तिको निमित्त मापदण्ड तय भएका जिम्मेवारीहरूमा नियुक्ति गर्दा चलखेल भए अख्तियार दुरुपयोगको दायराभित्र पर्ने व्यवस्थाः संवैधानिक निकाय र न्यायालय लगायत शिक्षा, स्वास्थ्य, राज्य र शासनसँग सम्बन्धित अन्य जिम्मेवारीहरूमा बाँडफाँडको आधारको चलनले गर्दा फैलिएका विकृतिको निवारणको निमित्त स्वविवेकी अधिकार बाहेक नियुक्तिका प्रक्रिया वा मापदण्ड तय भएका जिम्मेवारीहरूमा नियुक्ति अथवा जिम्मेवारी दिंदा, नियम परिवर्तन अथवा त्यसको अपव्याख्या वा अन्य कुनै चलखेल भए अख्तियार दुरुपयोगको जाँचको दायराभित्र पर्ने व्यवस्था गरिनुपर्दछ। यस बाहेक यस समस्याको निवारणको अर्को विकल्प देखिन्न।

तुष्टीकरण, व्यक्तिगत प्रचारको निमित्त राजस्व/बजेटको दुरुपयोगमाथि प्रतिबन्धः अहिले तीनै तहका सरकार र जनप्रतिनिधिहरूमा आ-आफ्नो मताधारको क्षेत्रमा मतदाताहरूको अल्पकालीन तुष्टिको निमित्त नयाँ मन्दिर, धर्मशाला, पौवापाटी आदिमा समूह वा व्यक्तिको तुष्टीकरणको निमित्त र व्यक्तिगत प्रचार-प्रसारको निमित्त शिलान्यास-उद्घाटन, जलसा-समारोह जस्ता गैरउत्पादनशील, रोजगार सृजित नगर्ने, विकासको पूर्वाधार बाहेकका अनावश्यक कुराहरूमा राजस्व र आर्थिक क्षमताको दुरुपयोग भइरहेको देखिन्छ। यसको अन्त्य गर्न हाल भएको कानूनी प्रावधानमा कडाइ र आवश्यक थप व्यवस्था जरूरी छ।

यी प्रस्तावहरू हाम्रो वर्तमान प्रणालीमा देखा परेका विसंगतिहरूको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको सफल कार्यान्वयनमा प्रभावकारी दिशा प्रदान गर्न सक्दछ भन्ने प्रयोजनले प्रस्तुत गरिएका हुन्। यसमा थप बहस र विमर्शको आवश्यकता छ। आवश्यकता तटस्थ भावले समस्याको निराकरण खोज्नु हो।

*(लेखक तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष हुन् ।)*

*-अनलाइनखबरबाट साभार*

# आ.व. २०८२/८३ का लागि मधेश प्रदेशको बजेट

माननीय सभामुख महोदय,

१. यस गरिमामय प्रदेश सभा बैठकमा मधेश प्रदेश सरकारको अर्थ मन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु।

२. नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा उच्चतम आदर्शका लागि समय-समयमा भएको जनआन्दोलन, मधेश आन्दोलन, विविध पहिचान र अधिकारका महान् संघर्षहरूमा आफ्नो अमूल्य प्राण आहुति दिनु भएका सम्पूर्ण ज्ञात-अज्ञात वीर शहीदहरूप्रति म हृदयदेखि नै श्रद्धासुमन अर्पण गर्दछु । साथै, ती आन्दोलनहरूमा वीरता प्रदर्शन गरी घाइते तथा बेपत्ता हुनु भएका सपुतहरूप्रति पनि म उच्च सम्मान व्यक्त गर्दै गहिरो कृतज्ञता प्रकट गर्न चाहन्छु।

३. मधेश प्रदेश सरकारले मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, थारु, पिछडिएको वर्ग लगायत सम्पूर्ण सीमान्तकृत समुदायहरूले समानता र न्यायका लागि गरेका गौरवपूर्ण संघर्षहरूप्रति हार्दिक श्रद्धा र उच्च सम्मान प्रकट गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, समानुपातिक प्रतिनिधित्व, मानव अधिकार तथा सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणको महान् ध्येयमा अर्पित त्याग, संघर्ष र बलिदानलाई स्मरण गर्दै, वीर शहीदहरूले देखाएको सपना साकार पार्ने अटुट प्रतिबद्धता व्यक्त गर्दछु ।

४. आत्मनिर्भर र समृद्ध मधेश निर्माणको लक्ष्यलाई साकार पार्न, देश र मधेश प्रदेशमा रहेका वर्तमान आर्थिक चुनौतीहरूको सामना गर्दै, कृषि क्षेत्रलाई मधेश प्रदेशको अर्थतन्त्रको मेरुदण्डको रूपमा सशक्त बनाउने दिशामा बजेट लक्षित गरिएको छ। यस सन्दर्भमा, उर्वर कृषि भूमिको उच्चतम उपयोग गर्दै, परम्परागत तथा निर्वाहमुखी खेती प्रणालीलाई क्रमशः व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्ने, निजी तथा सार्वजनिक लगानी अभिवृद्धि गर्दै रोजगारी सिर्जना र उच्च आर्थिक वृद्धि हासिल गर्ने तर्फ बजेट केन्द्रित रहेको छ ।

५. संघीय सरकारबाट बेला बखतमा हुँदै आएको राजस्व र अनुदानमा कटौती, सीमित श्रोत साधनको उपलब्धताका बाबजुद विभिन्न समयमा भएका राजनीतिक परिवर्तन र जनताको संघर्ष र त्याग स्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा जनतासामु सरकारको उपस्थितिलाई सकारात्मक अनुभुति गराउनु चुनौतिको रुपमा रहेको छ ।

६. आगामी आर्थिक वर्षको बजेट युवालाई प्रदेशमै रोजगारी सिर्जनाका साथै आर्थिक गतिविधिमा संलग्न गराउने, तुलनात्मक लाभ बढी भएका उद्योगहरू प्रवर्द्धन गर्ने, उद्यमशीलता विकासमार्फत गरिबी न्यूनीकरण गर्ने तथा सार्वजनिक सम्पत्ति र स्रोतहरूको प्रभावकारी र परिणाममुखी उपयोगमा केन्द्रित गरिएको छ ।

७. प्रदेशको आन्तरिक राजस्व लक्ष्य अनुरुप वृद्धि हुन नसकेको, अधिकांश वित्तीय श्रोत अनुदानमा निर्भर रहेको र प्रशासनिक खर्चको आकार बढ्दै गएको वर्तमान अवस्थामा, सीमित स्रोत- साधनको उपलब्धताका कारण जनताको माग र चाहना सम्बोधन गर्नु हाम्रो लागि ठूलो चुनौती रहेको छ।

८. प्रदेशको आन्तरिक आयको हिस्सा बढाउने र सार्वजनिक वित्तलाई सन्तुलनमा राख्ने चुनौतीको सन्दर्भमा, प्रदेश सरकारले अनुत्पादक क्षेत्रका फजुल खर्च नियन्त्रण गर्ने तथा अनुदानलगायत शीर्षकहरूलाई उत्पादनमुखी क्षेत्रमा परिचालन गर्ने नीति अपनाएको छ ।

९. प्रदेश सरकारको विनियोजन दक्षता अभिवृद्धि गर्दै योजना तर्जुमा चरणहरूलाई व्यवस्थित बनाउँदै पुँजीगत खर्च बढाउनु सरकारका लागि चुनौती बनेको छ । यसलाई व्यवस्थित गर्न साना योजनाको माग र चाप कम गर्न स्पष्ट मापदण्ड तय गरि कार्यान्वयन गरिने छ।

१०. प्रदेश सरकारको उद्देश्य तथा लक्ष्य प्राप्तिको लागि सार्वजनिक प्रशासनलाई मितव्ययी, नतिजामुखी, सरल, पारदर्शी बनाई सुशासनको प्रत्याभुति दिलाई जनतासामु प्रदेश सरकारको सकरात्मक उपस्थितिको अनुभुति दिलाउन चुनौती रहेको छ ।

माननीय सभामुख महोदय,

अब म मधेश प्रदेशको विधमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था प्रस्तुत गर्न अनुमति चाहन्छु।

११. आर्थिक वर्ष २०८१। ८२ मा राज्यको प्रचलित भुक्तानीको कुल गार्हस्थ उत्पादन मध्ये मधेश प्रदेशको योगदान रु ८ खर्व ०४ अर्व १५ करोड ३० लाख रहेको छ, जुन कुल गार्हस्थ उत्पादनको १३.१६ प्रतिशत हुन आउछ ।

१२. प्रदेशको कुल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान सबभन्दा बढी ५२.६१ प्रतिशत रहेको छ तथा कृषि र उद्योग क्षेत्रको योगदान क्रमश ३६.७ र १०.७० प्रतिशत रहेको छ ।

१३. आर्थिक वर्ष २०८१।८२ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ९३२ अमेरिकी डलर रहने अनुमान छ जुन गत आर्थिक वर्षको तुलनामा बढी रहेको छ ।

१४.आ.व. २०८१।८२ मा मधेश प्रदेशको आर्थिक वृद्विदर राष्ट्रिय औषत आर्थिक वृद्विदर ४.६१ प्रतिशतभन्दा तल ४.५ रहेको छ जुन आ.व ०८०/८१ भन्दा ०.७४ प्रतिशतले बढी हो ।

१५. मधेश प्रदेशमा विगत ७ वर्षको कुल बजेटको औषत ४३.५८ प्रतिशत चालु खर्च तथा ५६.४२ प्रतिशत पुँजिगत खर्चको लागि विनियोजन भएको देखिन्छ ।

१६. आ.व. २०८१। ८२ मा मधेश प्रदेश सरकारको कुल खर्च रु ३२ अर्ब ११ करोड १६ लाख ३० हजार अर्थात कुल विनियोजनको ७३.१६ प्रतिशत हुने संशोधित अनुमान छ । कुल सरकारी खर्च मध्ये चालु खर्च रु १२ अर्ब ९ करोड ८ लाख ६२ हजार र पुँजिगत खर्च रु २० अर्ब २ करोड ७ लाख ६८ हजार खर्च हुने संशोधित अनुमान छ ।

१७. चालु आ.व २०८१ । ८२ मा कर राजस्व बाट रु १३ अर्ब ५२ करोड ९० लाख १ हजार, अनुदानबाट रु ११ अर्ब ३५ करोड ७० लाख अन्य राजस्वबाट रु १ अर्ब १७ करोड ४१ लाख ५१ हजार तथा विविध प्राप्ति बाट रु ८ करोड ४२ लाख ४२ हजार संकलन हुने अनुमान छ । त्यसैगरी आन्तरिक ऋण बाट रु २ अर्ब संकलन हुने अनुमान छ।

माननीय सभामुख महोदय,

अब म बजेट तथा कार्यक्रमहरुको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुको बारेमा चर्चा गर्न गईरहेको छु ।

१८. संघीय सरकारप्रतिको निर्भरता घटाउन कृषि, पर्यटन र कृषिमा आधारित उद्योगमा लगानी, कृषि आधुनिकीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, युवा उद्यमशीलता, नवप्रवर्तन र रोजगारी सिर्जना गर्दै मधेश प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर, समृद्ध र सशक्त बनाउन उपलब्ध श्रोत साधनको अधिकतम उपयोगमा बजेट केन्द्रित हुनेछ ।

१९. बजेट तर्जुमा गर्दा स्वीकृत बजेट क्यालेण्डरको पूर्ण रुपमा पालना गरी आर्थिक वर्षको अन्त्यमा हुने पुँजीगत खर्चको चापलाई न्यूनीकरण गर्न कार्यान्वयन योग्य एवं उच्च प्रतिफल र लाभ हुने योजनाहरुको छनौट गरी कार्यान्वयन तालिका बमोजिम नै बजेट खर्च हुने व्यवस्था मिलाएको छु ।

२०. विकास निर्माणको प्रकृयामा उपलब्ध प्राकृतिक श्रोत साधनको दिगो एवं न्यायोचित उपयोग गर्दै प्राकृतिक श्रोत साधनको दोहनलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनले पारेका नकरात्मक असरहरुलाई न्यूनीकरण गर्न आगामी आर्थिक वर्षको बजेट निर्देशित छ ।

२१. लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साँझेदारी मार्फत विकास निर्माणका कार्यहरु सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरी प्रदेशमा नै रोजगारीको अवसरहरु सिर्जना गर्ने तर्फ बजेट उन्मुख छ ।

२२. सन्तुलित विकासको अवधारणालाई अत्मसात गर्दै समाजमा रहेका विभेद, असमानता र बञ्चितिकरणको अन्त्य गर्न प्रादेशिक श्रोत साधनको न्यायोचित वितरण गरी लगानी तथा विकासको प्रतिफल सम्पूर्ण जात, वर्ग समुदायलाई समान रुपले उपभोग गर्न पाउने वातावरणको सिर्जना गर्न बजेट लक्षित हुने छ ।

२३. दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्न प्रादेशिक तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा योजनाहरुको छनौट गरी कार्यन्वयनमा दिगो विकासका लक्षहरुलाई हासिल गरिने छ ।

२४. वित्तीय संघीयतालाई गतिशील बनाउन तथा कार्यक्षेत्रमा दोहोरोपना हुन नदिन तीनै तहको सरकारबीच समन्वय र सहकार्यलाई बढावा दिई बजेट प्रणालीमा क्रमिक सुधार गर्दै लगिने छ ।



२५. खाद्य सुरक्षासहित कृषि उत्पादनमा आत्मनिर्भरता प्राप्त गर्न कृषि यान्त्रिकीकरण, विद्युतीकरण तथा व्यावसायीकरण मार्फत उत्पादनशील क्षेत्रलाई प्रोत्साहन दिन सरल कर्जा, बीउ पूँजी, मल र बजार सुविधा प्रदान गर्दै कृषि सडक र पशुपन्छी नश्ल सुधारलाई बजेटको प्राथमिकतामा राखिएको छ ।

२६. स्वास्थ्य सेवा व्यवस्थित, गुणस्तरीय र सुदृढ बनाउन प्रादेशिक स्वस्थ्य संस्थाहरूको स्तरीकरण, पूर्वाधार स्तरोन्नति, दक्ष जनशक्ति र उपकरण व्यवस्थापनमा प्राथमिकता दिईएको छ।

२७. आयोजना बैंकमा समावेश भएका उच्च प्रतिफल तथा उपलब्धि दिने पूर्वाधार विकासका ठूला आयोजनाहरुलाई छनौट गरि कार्यन्वयनमा जोड दिईएको छ ।

२८. रोजगारी सिर्जनाको आधारका रूपमा पर्यटन क्षेत्रको विकास गर्न तीनै तहका सरकारबीच समन्वय गर्दै पर्यटन पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ ।

२९. ऊर्जा संकट न्यूनीकरण तथा शहरीकरणका कारण घट्दो भू-जल स्तरलाई ध्यानमा राखी आगामी आर्थिक वर्षको बजेटले भूमिगत पानी पुनर्भरणलाई प्राथमिकतामा राखिएको छ ।

३०. मधेश प्रदेशमा वर्षेनी विपदको कारणले हुने गरेको जनधनको क्षती न्यूनीकरणका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वय कायम गरी विपद जोखिम न्यूनीकरण एवं व्यवस्थापनका लागि बजेटमा प्रथमिकता दिएको छु ।

३१. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र जनमुखी बनाइ विद्यमान कमी कमजोरीहरुलाई सुधार गर्न सरकारी संगठनको व्यवस्थापन समीक्षा गर्दै जनशक्ति विकासका कार्यहरुलाई प्रथमिकिकरण गरी सूचना प्रविधिको प्रयोगले सेवा सरल, मितव्ययी र सेवाग्राहीमैत्री बनाइ परिणामअनुसार सुधार गर्न बजेट केन्द्रित छ।

माननीय सभामुख महोदय

अब म नेपालको संविधानको धारा ६० मा व्यवस्था भए बमोजिम स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु ।

३२. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा स्थानीय तहको लागि वित्तीय समानिकरण अनुदानतर्फ रु.१ अर्ब १० करोड हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु ।

३३.शिक्षा, स्वास्थ्य, खानेपानी, शहिद परिवार लक्षित विशेष कार्यक्रमहरु लगायतका क्षेत्रहरुमा स्थानीय तहले खर्च गर्ने गरी विशेष अनुदान तर्फ रु. ३८ करोड १० लाख विनियोजन गरेको छु ।

३४. प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७८ ले निर्धारण गरे बमोजिमका क्षेत्रहरुमा स्थानीय तहले योजना कार्यान्वयन गर्न समपुरक अनुदान तर्फ रु. ३८ करोड १० लाख विनियोजन गरेको छु ।

३५. स्थानीय तहहरुलाई सशर्त अनुदान तर्फ रु १ अर्ब २२ करोड ५ लाख विनियोजन गरेको छु ।

माननीय सभामुख महोदय

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु।

भुमि व्यवस्था, कृषि तथा सहकारी

३६. कृषि प्रसार सेवाको पहुँच बढाउन “किसानको वारी स्वयंसेविकाको छहारी” सोचलाई सार्थक तुल्याउन प्रदेशका सबै वडाहरुमा महिला कृषि स्वयमंसेविका परिचालन कार्यक्रमको निरन्तरताको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३७. कृषि उत्पादन र उत्पादकत्व बृद्धिका लागि सिंचित क्षेत्र विकास एवम् विस्तारका गर्न सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोगको लागि यथेष्ट रकमको व्यवस्था मिलाएको छु ।

३८. कृषि उत्पादन र उत्पादकत्व बृद्धिका लागि सिंचित क्षेत्र विकास एवम् विस्तारका गर्न सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोगको लागि यथेष्ट रकमको व्यवस्था मिलाएको छु ।

३९. भूमिगत सिंचाई क्षेत्र बिस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषि विद्युतीकरण कार्यक्रमलाई बहुवर्षिय आयोजनाको रुपमा निरन्तरता दिनको लागि रु. २६ करोड विनियोजन गरको छु ।

४०. “कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार“ भन्ने अभियानलाई निरन्तरता दिँदै प्रदेश भित्रका माटोको उर्वरता सुधारको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४१.“फिड द नेशन“ अभियानलाई मुर्त रुप दिन तथा धान वालीको उत्पादन एवम् उत्पादकत्व बढाउन दुई धानवाली प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४२. मूल्य श्रृंखलामा आधारित व्यवसायिक फलफूल प्रबर्द्धनका लागि आवश्यक विनियोजन गरेको छु ।

४३. कृषि यान्त्रिकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरि कृषि व्यवसायलाई दिगो, प्रतिस्पर्धी बनाउन कृषि यन्त्र उपकरण प्रबर्द्धन सहयोग कार्यक्रमा आवश्यक रकम विनियोजन गरेको छु।

४४. कृषिमा विषादिको प्रयोगलाई निरुत्साहित गर्न र आधुनिक कृषि प्रविधिको अनुसरण बढाउन कृषक पाठशाला सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४५. व्यवसायिक एवम् दिगो कृषि तथा कृषि व्यवसायको विकासका लागि कृषि व्यवसायमा संग्लन रहेका र हुन चाहने कृषक, कृषि उद्यमी, कृषि प्राविधिक तथा कृषि मूल्य श्रृंखलामा आवद्ध अन्य सरोकारवालाहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४६. हरवा चरवा, विपन्न, गरिव, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला लगायतका लक्षित वर्गहरुका परिवारको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुर्‍याउन स्वरोजगारमूलक विशेष कार्यक्रमको रकम विनियोजन गरेको छु

४७. पशुपन्छी तथा मत्स्यको स्वास्थ्य परीक्षण, रोग निदान, उपचार लगायत विशिष्टिकृत पशु चिकित्सा सेवा प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

४८. पशुपालन व्यवसायमा चुनौतीको रुपमा रहेका प्रमुख रोगहरु नियन्त्रण गर्दै पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धिका लागि पशुहरुमा पूर्ण खोप अभियान सहितको कार्यक्रमको लागि आवश्यक रकम विनियिजन गरेको छु ।

४९. पशुहरुमा कृत्रिम गर्भाधानको माध्यमबाट पशु नश्ल सुधार गर्न सामुदायिक कृत्रिम गर्भधारण कर्ताको लागि तालिम तथा लजिष्टिक सपोर्टको लागि आवश्यक रकम विनियोजन गरेको छु।

५०. मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा टेवा पु-याउन पोखरी भित्र रेसवे प्रणालीमा मत्स्य पालन, नँया मत्स्य पोखरी निर्माण, मत्स्य उत्पादन बृद्धि कार्यक्रमहरुको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५१. निर्यात प्रबर्द्धनका लागि मासु उत्पादन कार्यक्रममा आवश्यक रकम विनियोजन गरेको छु ।

५२. मखान खेतीको विकास तथा बिस्तार गरी प्रशोधन, प्याकेजिङ्ग, लेबिलिङ्ग तथा ब्राण्डिङ्गका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५३. रैथाने बाली(ओल, सोहिजन, कोदो) प्रवर्द्धन, संरक्षण, विकास र विस्तार गर्ने कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५४. भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय तर्फ रु २ अर्ब ८३ करोड विनियोजन गरेको छु ।

वन तथा वातावरण

माननीय सभामुख महोदय,

५५. उपल्लो र तल्लो तटीय क्षेत्रको समन्वयमा “चुरे जोगाउ, मधेश बचाउ“ अभियानलाई मूर्तरूप दिन जलचक्र सन्तुलनका लागि एकीकृत जलाधार कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५६. सिमसार संरक्षण, पानी पुनर्भरण र शहरी जल व्यवस्थापनमार्फत सांस्कृतिक नदीनालाहरूको प्राकृतिक बहाव पुनर्स्थापना तथा स्वच्छता प्रवर्द्धन गर्न जलाधार संरक्षण कार्यक्रमहरुका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

५७. चुरे क्षेत्रको मरुभूमीकरण रोक्न नदीजन्य पदार्थको वातावरणमैत्री उत्खनन, प्रशोधन तथा निर्यातमार्फत आम्दानी वृद्धि गर्न सरोकारवालासँग नीति संवाद गर्न तथा वन्यजन्तु द्वन्द्व, बाढी, पहिरो तथा जलवायुजन्य विपद्का पीडितलाई तत्काल राहत र क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

५८. कार्बन सञ्चय प्रवर्द्धन गर्न खाली सार्वजनिक स्थान, सडक किनार, विद्यालय तथा अस्पताल क्षेत्रमा वृक्षारोपण गरी हरियाली विस्तार गर्न र हरित मधेश अभियानलाई मुर्त रुप दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

५९. निजी नर्सरीहरुलाई बिरुवा उत्पादन तथा वितरणमा प्रोत्साहित गरी वृक्षारोपण अभियानलाई प्रभावकारी बनाउँदै एक व्यक्ति एक बिरुवा अभियानलाई निरन्तरता दिन आवश्यक प्रचार प्रसारलाई समेत यथेष्ट बजेट विनियोजन गरेको छु ।

६०. निजी, सार्वजनिक र राष्ट्रिय वनको दिगो व्यवस्थापन मार्फत रोजगारी सिर्जना गर्दै जैविक मलको प्रयोगमा आधारित वृक्षारोपण र नर्सरी प्रवर्द्धन कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

६१. समृद्धिका लागि वन कार्यक्रम मार्फत वनजन्य उद्यमशीलताको विकास गर्दै आय आर्जनका अवसरहरु सिर्जना गर्दै वन क्षेत्रबाट उल्लेखनीय रोजगारीका अवसरहरु सिर्जना गर्ने कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

६२. रैथाने तथा लोपन्मोख वनस्पतिको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गरी जैविक विविधतामा महत्वपूर्ण वन सिमसार लगायत अन्य हटस्पट क्षेत्रको व्यवस्थापन गरी रोजगारी सिर्जनाका लागि मधेश वनस्पति र प्राणी उद्यान निर्माणको लागि बजेट विनियोजन गरेको छु ।

६३. मानव तथा वन्यजन्तु सहअस्तित्व सुनिश्चित गर्न जैविक मार्गको व्यवस्थापन र क्षती न्यूनीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६४. वन तथा वातावरण मन्त्रालय तर्फ रु २ अर्ब ३७ करोड ५६ लाख ३८ हजार विनियोजन गरेको छु ।

श्रम तथा यातायात

माननीय सभामुख महोदय,

६५. रोजगारको सिलसिलामा विदेशमा ज्यान गुमाएका मधेश प्रदेशका श्रमिकहरुको मृत शरीर छिटो छरितो नेपाल ल्याउन संघीय सरकार तथा सरोकारवाला निकायहरसँग समन्वय गरि मृत शरीर नेपाल भित्रिएपछि विमानस्थलबाट मृत व्यक्तिको घर सम्म पुर्याउन निःशुल्क सेवा दिने गरी व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु ।

६६. मधेश प्रदेशका १३६ वटै स्थानीय तह सँग समन्वय गरी बाल श्रम मुक्त मधेश कार्यक्रम संचालन गरि बालबालिकाहरुको श्रममा हुने शोषणलाई न्यूनीकरण गर्नका लागि जनचेतनामूलक कार्यक्रमहरुको संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६७. “हात हातमा सवारी, घर घरमा रोजगारी” भन्ने मुल नाराका साथ मुख्यमन्त्री स्वरोजगार कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६८. बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई प्रदेशमा स्वरोजगारको अवसर प्रदान गर्नका लागि आर्थिक/वस्तुगत/प्रविधिक सहयोग सहितको स्वरोजगार कार्यक्रम संचालन गरिनेछ । साथै बैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिसंग भएका सीपलाई सदुपयोग गरी स्वदेशमै आय आर्जनको बाटो खुलाउन सीप विकास तालिम, प्रविधि सहयोग, अनुदानमा आधारित ऋण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ तथा प्रदेश भित्रका स्थानीय तहहरुवाट बैदेशिक रोजगारीमा जाने र फर्केका कामदारहरुको तथ्याङ्क संकलन तथा सोको डिजिटल व्यवस्थापन गरिने प्रबन्ध मिलाउनेछु ।

६९. प्रदेशमा रहेको जनसांख्यिक लाभान्स उपयोग गरी स्वदेश तथा विदेशमा समेत रोजगारीको अवसर प्राप्त गर्न सक्ष्म बनाउन, आबश्यक नीतिगत, कानुनी, संस्थागत व्यवस्था सहितको प्रशिक्षण कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।

७०. प्रदेश भित्रका वेरोजगार युवाहरुलाई रोजगार वा स्वरोजगारका अवसर प्रदान गर्नका लागि सि.एम. रोजगार कार्यक्रम सञ्चालन गरिनेछ । बैदेशिक रोजगारी माथिको निर्भता न्यूनीकरण गर्नका लागि प्रदेश भित्रको युवाहरुकालागि आर्थिक/वस्तुगत/ प्राविधिक अनुदान सहितको स्टार्टअप सहयोग कार्यक्रम सञ्चालन बजेट विनियोजन गरेको छु ।

७१. बैदेशिक रोजगारीमा जाने कामदारहरुलाई ठगिमा पर्नवाट संरक्षण गर्न सूचना / परामर्श सचेतनामूलक सेवा प्रदान गरिनेछ र विदेश जाने कामदारलाई माग अनुसारका सिप तालिमको व्यवस्था गरिनेछ । बैदेशिक रोजगारमा जाने एवं फर्केका कामदार र तिनका परिवारजनका लागि कल्याणकारी आर्थिक तथा वस्तुगत सहायता प्रदान गर्न बजेट विनियोजन गरेको छु ।

७२. १३६ वटै स्थानीय तहहरुमा रहेका रोजगार सेवा केन्द्रहरुको क्षमता विकास गरी सघन सहकार्य निर्माण सम्बन्धी कार्यहरु गरिनेछ । प्रदेश भित्रका रोजगार क्षेत्रमा देखिएका मनो सामाजिक समस्याहरु न्यूनीकरण गर्न मनोपरामर्श सेवा कर्मिहरुको प्रवर्धन गरिनेछ तथा स्थानीय तहको माँगको अधारमा मन्त्रालय स्वयमको अगुवाइमा स्थानीय तहमा स्वयं सीप बिकास तालिमको संचालन र व्यवस्थापन गर्न बजेट विनियोजन गरेको छु ।

७३. प्रदेश भित्रका समग्र श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्नका लागि श्रम तथा रोजगार ऐन तर्जुमाको पहल गरिनेछ। विप्रषेणको उत्पादनमूलक प्रयोगका लागि वित्तीय साक्षरता, उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्य गर्ने नीति लिनेछ र सीप बिकास तालिम लिएका बाट उत्पादित सामाग्रिहरुको बिक्री बितरणका लागी स्थानीय स्तर, प्रदेश स्तरमा कोशेलि घर संचालन, व्यवस्थापन र प्रबर्द्धन गर्ने गरी प्रदेशमा आइरहेको विप्रेषणलाई आकर्षित हुनेगरी मधेश प्रदेश सुहाउदो साझा लगानीका क्षेत्रहरुको पहिचान गरिनेछ ।

७४. वैदेशिक रोजगारीवाट फिर्ता आएका व्यक्तिहरुलाई संगठित गर्दै सहकारी प्रवर्द्धन एवं आप्रवासी बजार प्रवर्द्धन सम्बन्धी कार्यहरु गरि बैदेशिक रोजगारी संग सम्बन्धित परियोजना तथा कार्यक्रमहरु अन्य पालिकाहरुमा थप गर्न प्रदेशबाट पहल गरिनुका साथै बजेट विनियोजन गरेको छु ।

७५. मधेशलाई बेरोजगार मुक्त प्रदेश वनाउन श्रम सम्बद्ध क्षेत्रहरुको राय सुझाव लिई प्रदेश सरकारलाई परामर्श उपलब्ध गराउन श्रम सल्लाहकार परिषदलाई सक्रिय वनाइनेछ । प्रदेश स्तरीय सीप विकास तालिम केन्द्र निर्माण गरी लक्षित वर्गलाई तालिम प्रदान गर्ने कार्य अगाडी वढाउन बजेट विनियोजन गरेको छु ।

७६. श्रमिकहरुलाई आवासको सुविधा दिन थप चार जिल्लामा श्रमिक विश्राम गृह निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

७७. विद्युतीय सवारी साधन खरीद गरी प्रयोग गर्न प्रोत्साहन दिन विभिन्न स्थानमा ईलेक्ट्रिक भेईकल चार्जिङ्ग स्टेशन निर्माण गर्न वजेट विनियोजन गरेको छु ।

७८. मधेश प्रदेशमा रहेका यातायात कार्यालयहरुबाट हुने कार्यहरु तथा ट्राफिक नियम सम्बन्धी जानकारी गराउन स्थानीय तहहरु संग समन्वय गरिनेछ ।

७९. मधेश प्रदेश अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालयहरुको कार्य सम्पादन,

बाँकी पृष्ठ ४ मा

# आ.व....

सेवा प्रवाह हाइली डिजिटाईज टोकन सिस्टम, क्याश लेस, पेपर लेस, एस एम एस एम एम एस, भ्वाईस मेसेज, भेईकल रेजिष्ट्रेशन सिष्टम लागु गर्न बजेट विनियोजन गरेको छु।

८०. सवारी साधन आयातका लागि मधेश प्रदेशको नाका हुदै आयात गर्दा विशेष सुविधा उपलब्ध गराउन पहल गरिने छ।

८१. मधेश प्रदेश अन्तर्गत रहेका सबै यातायात व्यवस्था कार्यालयहरुमा सवारी चालक अनुमति पत्रमा हुने गरेको अनियमितता हुन नदिनको लागि अटोमेटिक ट्रायल सेन्टर जडान गर्नको लागि संघीय सरकारसँग समन्वय गरी स्थापनाको लागि प्रक्रिया अगाडि बढाईनेछ।

८२. मधेश प्रदेश अन्तर्गत रहेका आठ वटै यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने राजस्वमा लक्ष्य तोकी लक्ष्य भन्दा बढी राजस्व संकलन गर्ने कार्यालयलाई प्रोत्साहन उपलब्ध गराईनेछ। यातायात क्षेत्रको संरचनागत तथा कार्य प्रणालीगत सुधार अन्तर्गत मधेश प्रदेशका सबै जिल्लाहरुमा नवीनत्तम प्रविधि जडित उपकरण सहित यातायात कार्यालयहरुको आफ्नो भवन निर्माण गरी संचालनमा ल्याईनेछ।

८३. पूर्वपश्चिम राजमार्गका विभिन्न स्थानमा यात्रीहरुको लागि रिफ्रेश सेन्टर निर्माण कार्यको लागि मधेश प्रदेश सरकारले स्थानीय तहहरुसँग समन्वय गरी प्रक्रिया अगाडी बढाईनेछ र हुलाकी राजमार्गमा यात्रीहरुलाई मध्यनजर गर्दै सार्वजनिक यातायात संचालनका निमित्ति यातायात व्यवसायीहरु सँग समन्वय गरी प्रक्रिया अगाडि बढाईनेछ।

८४. यस प्रदेशस्थित सबै यातायात व्यवस्था कार्यालयहरुमा सेवाग्राहीहरुलाई छिटोछरितो सेवा पुर्याउने उदेश्यले मधेश प्रदेश बाटै कार्ड प्रिन्ट हुने गरी प्रक्रिया अगाडी बढाउन बजेट विनियोजन गरेको छु।

८५. सेवा सुविधा सम्पन्न सहितको यात्री प्रतिक्षालय निर्माण गर्न बजेट विनियोजन गरेको छु।

८६. श्रम तथा यातायात मन्त्रालय तर्फ तर्फ रु ५७ करोड १४ लाख ५० हजार विनियोजन गरेको छु।

उधोग, वाणिज्य तथा पर्यटन

माननीय सभामुख महोदय,

८७. मधेश प्रदेशको राजधानीलाई पर्यटन मैत्री तथा पर्यटकहरुलाई मिथिला संस्कृतिको मौलिकता अनुभुत हुनेगरी आवश्यक पूर्वाधार निर्माण मार्फत सौन्दर्यीकरण गर्ने कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८८. जानकी मन्दिरलाई मधेश प्रदेशकै प्रमुख धार्मिक गन्तव्य स्थलको रुपमा विकास गर्दै मन्दिर परिसरमा आवश्यक पर्यटन पूर्वाधार व्यस्थापन कार्य तथा भारतको अयोध्या नगरीमा अवस्थित श्रीराम जन्म भूमिलाई दर्शन गर्न आउने पर्यटकहरुलाई जानकी मन्दिरमा समेत दर्शनको लागि प्रोत्साहन गर्न जनकपुरधाम नगरी तथा सिता जन्मभूमि जानकी मन्दिर प्रचारप्रसारको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८९. समग्र मधेश प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुका साथै सिता जन्मभूमि जनकपुरधामलाई "भिजिट मधेश" भन्ने मुल आश्यका साथ भारत लगायत अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९०. जनकपुरधाममा धार्मिक र साँस्कृतिक झल्को दिने गरी ढल्केवर देखि जटही तथा जिरोमाइलबाट भिठ्ठामोड जाने बाटोको ठाँउ ठाँउमा दुवै पट्टी वाल संरचना निर्माण तथा मिथिला आर्टवर्क कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु।

९१. माता जानकीको विवाहस्थल जनकपुरलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय विवाह केन्द्रको रुपमा विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९२. मधेश प्रदेशमा लगानी प्रबर्द्धन गर्न र देश तथा विदेशमा रहेका नेपाली तथा विदेशीलाई आकर्षित गर्न आगामी आ.व. २०८२/०८३ मा मधेश लगानी सम्मेलन, डायस्पोरा समिट र ट्राभेल समिटको आयोजनाका लागि आवश्यक रकम विनियोजन गरेको छु।

९३. उद्योग, व्यवसाय तथा किसानका लागि Loan – Card व्यवस्था गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९४. मधेश प्रदेशमा युरिया सहित रासायनिक मलखाद उद्योगको सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम बिनियोजन गरेको छु।

९५. मधेश प्रदेशमा कृषि उद्योग, व्यापार, पर्यटनलगायतका क्षेत्रहरुसँग सम्बन्धित आन्तरिक रुपमा उत्पादन हुने वस्तु तथा सेवाको प्रचार-प्रसार एंव प्रवर्द्धनको लागि प्रदेशस्तरीय औद्योगिक मेला आयोजनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९६. मधेश प्रदेशको कला, साहित्य, संस्कृति, जीवनपद्धति, ईतिहासलयायतका विययहरुको झल्को दिनेगरी महोत्तरी जिल्लामा मधेश संस्कृति ग्राम निर्माण कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९७. ऐतिहासिक सिम्रोनगढ दरबारको संरक्षण तथा प्रर्वद्धन कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९८. भारतबाट नेपाल भित्रिने पर्यटकहरुको लागि मुख्य प्रवेश बिन्दु( भन्सार) मा नै मधेश प्रदेशको पर्यटक गन्तव्य लयायत पर्यटनसँग सम्बन्धित सूचना प्रवाह तथा सम्प्रेषणको लागि सूचना केन्द्रको स्थापना र पर्यटन विश्रामस्थल निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९९. उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय तर्फ रु. ३ अर्ब ८ करोड ७१ लाख ७४ हजार विनियोजन गरेको छु।

गृह तथा सञ्चार

माननीय सभामुख महोदय,

१००. विद्यार्थिहरुलाई विद्यालयमा नै कानुनको महत्व तथा ज्ञान अभिवृद्धि गर्न विद्यालयस्तरमा कानुनी शिक्षा सचेतना कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१०१. प्रदेशमा रहेका युवाहरुलाई असल एवं सभ्य नागरिकको रुपमा राज्यप्रतिको कर्तव्य र दायित्व निर्वाह गर्न तथा युवाहरु दुर्व्यसनमुक्त गर्न लागुऔषध दुर्व्यसनमुक्त युवा अभियान संचालन गर्न ७० लाख बजेट विनियोजन गरेको छु।

१०२. प्रदेशमा रहेका जिल्ला प्रहरी कार्यालय अन्तर्गतका ईलाका प्रहरी, प्रहरी चौकी लगायत शान्ती सुरक्षासँग सम्बन्धीत निकायहरुको भवन निर्माण लगायतका पूर्वाधार संरचनाहरुको निर्माणको लागि बजेट विनियोजन गरेको छु।

१०३. गृह तथा सञ्चार मन्त्रालय तर्फ रु. ६४ करोड ८९ लाख ९७ हजार विनियोजन गरेको छु।

शिक्षा तथा संस्कृति

माननीय सभामुख महोदय,

१०४. मधेश प्रदेश अन्तर्गत रहेका विद्यालयहरुको क्षमता अभिबृद्धि गर्दै विद्यालयहरुमा शिक्षकको व्यवस्थापन गर्न स्वयंसेवक शिक्षक कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु।

१०५. सम्बन्धन प्राप्त सामुदायिक प्राविधिक विद्यालयहरुलाई सशर्त चालु अनुदान लगायत पुस्तकालय तथा विज्ञान शिक्षामा सुदृढीकरण गर्न विज्ञान प्रयोगशाला स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१०६. विद्यालयहरुलाई क्ष्रृत प्रविधिमैत्री बनाउन स्मार्टबोर्ड तथा ई-लाईब्रेरी स्थापना गर्ने कार्यको लागि बजेट विनियोजन गरेको छु।

१०७. प्रदेश अन्तर्गत आठवटा जिल्लाहरुमा रहेका विद्यालयहरुको संरचनात्मक सुधार गर्नको लागि आवश्यक भौतिक पूर्वाधार संरचनाहरु निर्माणको लागि बजेट विनियोजन गरेको छु।

१०८. मधेश प्रदेश अन्तर्गत रहेका विश्वविधालयहरुको प्रशासनिक एवं भौतिक संरचनाहरु लगायत व्यवस्थापकीय सुधार कार्यक लागि अनुदान मार्फत आवश्यक रकम विनियोजन गरेको छु।

१०९. शिक्षा तथा संस्कृति मन्त्रालय तर्फ रु ३ अर्ब ५७ करोड ६६ लाख ५५ हजार विनियोजन गरेको छु

उर्जा, सिंचाई तथा खानेपानी

माननीय सभामुख महोदय,

११०. स्वच्छ र सुरक्षित खानेपानी आपूर्तिमा आम जनताको पहुँचलाई बढाउन प्राकृतिक विपदबाट प्रभावित तथा अधुरा खानेपानी योजनाहरूको निर्माण र मर्मत संभार गरी संचालनमा ल्याउन बजेट विनियोजन गरेको छु।

१११. सफा पिउने पानीको पहुँच नपुगेको सीमान्तकृत र पछाडि परेको समुदाय र क्षेत्रको पहिचान गरी प्राथमिकताको आधारमा शुद्ध पिउने पानीको व्यवस्थापन गर्नको लागि बजेट विनियोजन गरेको छु।

११२. खानेपानी योजनाको संचालन लागत घटाउन पम्पिंगं प्रणालीमा आधारित खानेपानी योजनाहरूमा सोलार पम्पको प्रयोगलाई प्रोत्साहन गरिने छ।

११३. प्रदेशभित्र सुरक्षित र गुणस्तरीय खानेपानी आपूर्ति सुनिश्चित गर्न एक जिल्ला एक पानी परीक्षण प्रयोगशाला स्थापना गर्न बजेट विनियोजन गरेको छु।

११४. प्रदेश भित्र खुला दिशामुक्त अवस्था लाई दिगो बनाउदै मधेश प्रदेशलाई पूर्ण सरसफाई अवस्था तिर अग्रसर गर्न स्थानीय तहसँग समन्वय गरी जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु।

११५. सतह सिँचाइबाट वञ्चित खेतीयोग्य जग्गाहरूमा वैकल्पिक सिँचाई विधिहरू जस्तै नयाँ प्रविधिमा आधारित सिँचाइ विधिहरु ( नन कन्भेन्सनल ईरिगेशन टेक्निक्स प्रोग्राम्स) को प्रयोग गरी सिँचाइ सुविधा पुर्याउनका लागि बजेट विनियोजन गरेको छु।

११६. सिँचाइमा हालसम्म भएको लगानीबाट उच्च प्रतिफल हासिल गर्न गत विगतमा निर्माण सम्पन्न भएका सिँचाइ प्रणालीहरुका दक्षता ४० प्रतिशत भन्दा पनि कम रहेकोले सो दक्षता वृद्धि गर्न सिंञ्चित क्षेत्र व्यवस्थापन कार्यक्रम (कमाण्ड एरिया म्यानेजमेन्ट प्रोग्राम) संचालन गर्नको लागि बजेट विनियोजन गरेको छु

११७. भूमिगत जलस्रोतको अतिदोहन लाई निरुत्साहित गर्नका लागि सो को नियमन र अनुगमन गर्ने एवम् प्रत्येक जिल्लामा सतह सिँचाइ योजनाको सम्भाव्यताको आधारमा कम्तिमा दुईवटा सतह सिँचाइ योजनाहरूको पहिचान गरी कार्यान्वयनको लागि बजेट विनियोजन गरेको छु।

११८. गत विगतमा सम्पन्न भएका ( एजेन्सी म्यानेज्ड ईरिगेशन सिस्टम सतह सिँचाइ योजनाको मर्मत संभार तथा जिर्णोधारका कार्यहरू स्वीकृत वार्षिक सिँचाइ मर्मतसंभार योजना बमोजिम प्राथमिकताका साथ गर्नको लागि बजेट विनियोजन गरेको छु।

११९. पूरानो स्यालो/डिप / पावर ड्रिल ट्युबवेल सिँचाइ योजनाहरूको मर्मत-संभार, सञ्चालन तथा व्यवस्थापनका कार्यक्रमहरूका लागि बजेट विनियोजन गरेको छु।

१२०. भूमिगत जलश्रोतको संयोजनात्मक उपयोग गरी सिँचाइ विकास गर्न ग्राउन्ड वाटर क्लष्टर ईरिगेशन प्रोजेक्टलाई अध्ययन तथा अनुसंधानको आधारमा निरन्तरता दिन बजेट विनियोजन गरेको छु।

१२१. पूर्व पश्चिम राजमार्गको समानान्तर रहेको वन-जंगलमा हुने आगलागीबाट वनजंगललाई जोगाउन र सुख्खायाममा जंगली जनावरहरुलाई समेत पिउने पानी उपलब्ध गराउनका लागि भूमिगत जलस्रोतको उपयोग गर्ने गरी समुचितस्थान तथा दुरीमा वन डिभिजन कार्यालयसँगको समन्वयमा डिप/पावर ड्रिल बोरिगं जडान गर्न बजेट विनियोजन गरेको छु।

१२२. धार्मिक, अध्यात्मिक, सांस्कृतिक एवम् पर्यटकीय महत्व बोकेको दुधमति नदी बृहत्तर मिथिला परिक्रमाको अंगको रूपमा रामायणकालीन समयदेखि स्थापित रहँदै आएको र मिथिला गौरव माता जानकीको जन्म एवम् लालनपालनसँग प्रत्यक्षरूपमा जोडिएको जनविश्वास रहेको दुधमति नदीप्रतिको उच्च सम्मान र सो नदीबाट भविष्यमा संभावित सिंचाइयोग्य जग्गामा सिंचाइ सुविधा उपलब्ध हुने विषय समेतलाई हृदयंगम् गरी दुधमति नदीको उत्खनन्, संरक्षण तथा सौन्दर्यीकरणका लागि संचालनमा रहेको दुधमति नदीको उत्खनन् तथा विकास कार्यलाई बहुवर्षिय आयोजना अन्तर्गत कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु।

१२३. प्रदेश भित्र साम्भाव्य रहेका वैकल्पिक तथा अन्य नवीकरणिय ऊर्जाका स्रोतहरूको पहिचान तथा उत्पादनका लागि आवश्यक लगानीलाई समेत प्रोत्साहन तथा प्रवर्धन गरि सौर्य ऊर्जा प्रवर्धनका लागि प्रदेशभित्र रहेका नदीका बगरहरु तथा बञ्जर जग्गालाई सदुपयोग गरी उत्पादन हुने सौर्य ऊर्जालाई राष्ट्रिय प्रसारणलाईनमा जोड्न बजेट विनियोजन गरेको छु।

१२४. वर्षाको पानी संकलन, संरक्षण पोखरी निर्माण, तथा श्रोतहरूको संरक्षण तथा समुचित उपयोग गर्न बजेट विनियोजन गरेको छु।

१२५. उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय तर्फ रु ४ अर्ब ४१ करोड ९९ लाख ९९ हजार विनियोजन गरेको छु।

खेलकुद तथा समाज कल्याण

माननीय सभामुख महोदय,

१२६. मुख्यमन्त्री आवास सुरक्षा योजना अन्तर्गत प्राकृतिक विपदबाट हुने जोखिम बिरुद्धको सुरक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२७. मधेश प्रदेशमा रहेका महिलाहरुको सशक्तीकरण तथा प्रदेशमा नै रोजगारीको अवसर सिर्जना गर्नको लागि प्रथम महिला राष्ट्रपति स्वरोजगार कार्यक्रम मार्फत रोजगारी प्रदान गर्न बजेट विनियोजन गरेको छु।

१२८. युवाहरुलाई उद्यमशीलताको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्न तथा युवाहरुलाई आत्मनिर्भर बनाउन युवा स्वरोजगार कार्यक्रमको संचालन गर्ने व्यवस्था मिलाएको छु।

१२९. युवा वर्गहरुलाई खेलकुद प्रति आकर्षण गर्न माग अनुरुप खेलकुद सामाग्री वितरणको लागि बजेट विनियोजन गरेको छु।

१३०. मधेश प्रदेशको गौरवको आयोजनाको रुपमा श्री राम जानकी बहुउद्देशिय रंगशाला, नारायणी रंगशाला, गोलबजार रंगशाला लगायत प्रादेशिक रंगशाला, खेलग्राम, खेलमैदान, कभर्ड हल निर्माण कार्यलाई प्राथमिकता दिई वजेट विनियोजन गरेको छु।

१३१. ११औं राष्ट्रिय खेलकुद प्रतियोगिता मधेश प्रदेशमा भव्यताको साथ आयोजना गर्न अहिले देखि नै पूर्वाधार निर्माणको कार्य तथा तयारीलाई प्राथमिकता दिएको छु।

१३२. "खेली मधेश, जिति मधेश" नारालाई सार्थक बनाउन विभिन्न प्रतियोगिता, प्रशिक्षण, पुरस्कार तथा सम्मानमा विशेष जोड दिँदै मधेश खेलकुद दिवस र खेलकुद महोत्सव सञ्चालन गर्न यथेष्ट बजेट विनियोजन गरेको छु।

१३३. जनकपुरधाम र वीरगंजमा आधुनिक ओल्ड एज हाउस निर्माण कार्यको लागि यथेष्ट रकम विनियोजन गरेको छु।

१३४. खेलकुद तथा समाज कल्याण मन्त्रालय तर्फ रु १ अर्ब ६८ करोड ७३ लाख विनियोजन गरेको छु।

स्वस्थ्य तथा जनसंख्या

माननीय सभामुख महोदय

१३५. विभिन्न नसर्ने रोगहरुको बारेमा सचेतना अभिबृद्धि लगायत अन्य स्वास्थ्य उपचारका लागि स्थानीय निकायसँगको सहकार्यमा मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३६. जनतालाई आधारभुत स्वास्थ्य सेवामा पहुँच बढाई प्राकृतिक स्वास्थ्य पद्धतिको बारेमा समेत चेतना अभिबृद्धि गर्नको लागि आयुर्वेद सेवा कार्यक्रम संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

१३७. प्रादेशिक अस्पतालहरुलाई प्रविधिमैत्री बनाई आवश्यक परेका विभिन्न स्वास्थ्य सम्बन्धी उपकरणहरु खरिद तथा जडान कार्यको लागि बजेट विनियोजन गरेको छु।

१३८. सर्लाहीको धनकौलमा ५० शैयाको आमा तथा बाल अस्पताल र गंगापुरमा आयुर्वेद योग पञ्चकर्म अस्पताल तथा अनुसन्धान केन्द्र स्थापना तथा संचालनको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

१३९. मधेश स्वस्थ्य विज्ञान प्रतिष्ठानमा MBBS लगायत स्नातकोत्तर MD/MS कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४०. सिरहा जिल्ला गोलबजार नगरपालिका स्थित ट्रमा सेन्टर अस्पताल, महेन्द्र गेनाई प्रदेशिक प्रसुति गृह तथा महोतरी जिल्लाको सोनमा स्थित मानसिक अस्पतालको निर्माण तथा संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४१. स्वस्थ्य तथा जनसंख्या मन्त्रालय तर्फ रु ६ अर्ब ४५ करोड ६१ लाख विनियोजन गरेको छु।

बाँकी पृष्ठ ५ मा

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

जलेश्वर नगरपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

बलान बिहुल गाउँपालिका

सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

देवानगन्ज गाउँपालिका

सप्तरी, मधेश प्रदेश

# आ.व....

भौतिक पूर्वाधार

माननीय सभामुख महोदय,

१४२. प्रादेशिक सडक संजाल गुरुयोजनामा परेका महत्वपूर्ण सडक तथा पुलहरु निर्माण गर्न “प्रादेशिक सडक कार्यक्रम“ तथा “प्रादेशिक पुल कार्यक्रम“ संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१४३. प्रादेशिक सडकहरुको सन्तुलित तथा योजनाबद्ध रुपमा कार्यान्वयनको लागि “एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम (पहिलो चरण)“ लाई प्राथमिकताक साथ निर्वाचन क्षेत्र एक सडक कार्यक्रम (दोस्रो सम्पन्न गरी “एक चरण)” अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा ५-५ कि.मि. का दरले नयाँ थप ३२० कि. मि. सडकहरु कालोपत्रे गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४४. प्रादेशिक सडकहरुको नदी तथा खोलाहरुमा पर्ने आवश्यक पुलहरुको निर्माणको लागि क्षेत्रीय सन्तुलन कायम हुने गरी एक निर्वाचन क्षेत्र एक पक्कि पूल निर्माण कार्यक्रम” मार्फत पक्की पुल निर्माण गरी सडकहरु बाहैं महिना संचालनमा ल्याईने गरी बजेट बिनियोजन गरेको छु ।

१४५. क्रमागत योजनाहरु मध्ये कार्यान्वयन हुन् सक्ने योजनाहरुमा आवश्यक बजेट बिनियोजन गरेको छु ।

१४६. स्थानीय तहका केन्द्रहरुलाई पक्कि सडक संजालसँग जोड्न तथा प्राथमिकतामा रहेका अन्य प्रादेशिक सडकहरुको स्तरोन्नति गर्न, बृहत मर्मत सम्भार र नियमित मर्मत संभार गर्न“प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम“ लाई प्राथमिकताका साथ अगाडी बढाएको छु । यस कार्यक्रमबाट १९८ कि.मी कालोपत्रे सडक निर्माण बाट २१ वटा स्थानीय तह पक्कि सडक संजालसँग जोडिनेछ, ३२६ कि.मी बृहत सडक मर्मत र १००० कि.मी सडकको नियमित मर्मत सम्भार हुन बजेट बिनियोजन गरेको छु ।

१४७. मधेश प्रदेशको पूर्व- पश्चिम प्रादेशिक राजमार्गको रुपमा रहेका सप्तरी जिल्ला देखि पर्सा जिल्ला जोड्ने प्रदेश गौरबको योजना “मधेश शहीद लोकमार्ग“ को पूर्ण रुपमा निर्माण कार्यका लागि आवश्यक बजेट ब्यबस्थापन गर्न दातृ निकाय तथा संघ सरकारसँग समन्वय र सहकार्य गरिनेछ । यस आ.व. मा बाराको कलैया मलाही खण्ड लगायत अन्य खण्डमा समेत निर्माणको कार्य शुरुहुने गरी बजेट बिनियोजन गरेको छु ।

१४८. प्रदेशभित्रको (स्थानीय समेत) झोलुङ्गे पुलहरुको निर्माणका लगि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन “प्रादेशिक प्राविधिक सहयोग प्रदायक” तथा पक्की पुलहरुको डिजाइन, सुपरभिजन र निर्माणमा प्राबिधिक सहयोग पुर्याउन प्रादेशिक मोटेरेबल पुल व्यवस्थापन सेवा कार्यक्रमको निरन्तरता दिईएको छु ।

१४९. सडक मर्मत सम्भार दिगो सडकको आधार” भन्ने नारालाई मूर्त रूप दिन सडकहरू नियमित मर्मत सम्भारको लागि RMG (सडक मर्मत सम्भार समूह) परिचालन गरी करिब ३०० जना रोजगारी सृजना गरेको छु ।

१५०. गुणस्तरीय पूर्वाधार निर्माणका लागि सबै जिल्लामा निर्माण सामाग्री परीक्षणका लागि स्थापित प्रयोगशालाहरुलाई आधुनिकीकरण गरी व्यवस्थित गरिनेछ। साथै प्रदेशस्तरीय सुबिधा सम्पन्न परीक्षण प्रयोगशाला तथा अनुसन्धान केन्द्र स्थापनाको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

१५१. सडक दुर्घटना न्यूनीकरण तथा सडक सौन्दर्यीकरणको लागि “सडक सुरक्षा तथा सौन्दर्यकरण कार्यक्रम” संचालन मा ल्यएकोछु ।

१५२. जनकपुर घोषणापत्र, २०८२ “हरित, उत्थानशील तथा जलवायुमैत्री कार्यान्वनको लागि “हरित सडक कार्यक्रम“ संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१५३. जनतालाई तुरुन्तै उपलब्धि दिन सक्ने बस्तिमा रहेका साना पूर्वाधार सम्बन्धी आयोजनाहरुलाई क्षेत्रीय सन्तुलन, समावेशीता कायम हुने गरी बढी भन्दा बढी रोजगारी सृजना हुने “ग्रामीण विकास कार्यक्रम” को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५४. प्रदेश सरकारको प्रशासनिक भवन निर्माण लगायत अन्य भवन निर्माणको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

१५५. मौलिक हकको रुपमा रहेको आवास सुविधालाई उपेक्षित बर्गसम्म प्रभावकारी रुपमा पुर्याउन संचालित “महेन्द्र नारायण निधि बिपन्न आवास योजना“ तथा “बिपन्न संग मदन भण्डारी बिपन्न आवास कार्यक्रम “ लाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।

१५६. भौतिक पुर्वधार मन्त्रालय तर्फ रु १५ अर्ब ८८ करोड ७१ लाख ८५ हजार विनियोजन गरेको छु ।

माननीय सभामुख महोदय,

१५७. संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि शासन पद्धतिमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न स्थानीय शासन सवलीकरण कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१५८. प्रदेशभित्र सुशासन प्रवर्द्धनका लागि नवप्रवर्तनीय ज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्नको लागि आगामी आ.ब. मा मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।

१५९. आगामी आ.ब. मा राष्ट्रिय किताबखानाको सहकार्यमा प्रदेश र स्थानीय तहको कर्मचारीको अभिलेख व्यवस्थापन गर्न प्रदेश निजामती किताबखानाको संस्थागत सुदृढीकरणको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

१६०. प्रदेश मन्त्रिपरिषद्को वैठकलाई पारदर्शी, व्यवस्थित तथा प्रविधिमैत्री बनाउन तथा बैठकको निर्णयको अभिलेखलाई चुस्त दुरुस्त बनाउन मन्त्रीपरिषद् बैठकलाई अटोमेशन तथा डिजिटाईजेशन गर्नको लागि बजेट विनियोजन गरेको छु।

१६१. कानुनको सचेतना, महिला सशक्तीकरण तथा लैङ्गिक विभेद तथा मानव अधिकारको प्रर्वद्धन र सम्वर्द्धन गर्नका लागि सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छु।

१६२. प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत आगामी आ.ब.मा प्रदेश तथा स्थानीय तहका पदाधिकारी जनप्रतिनिधि तथा कर्मचारीहरुको तालिमलाई थप परिष्कृत हुनेगरी तालिम तथा प्रशिक्षण कार्यक्रमहरुमा पर्याप्त वजेट विनियोजन गरेको छु।

१६३. आगामी आ.ब. प्रदेशका सबै निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठनलाई चुस्त, दुरुस्त र उपयुक्त बनाउनकोलागी पर्याप्त वजेट विनियोजन गरेको छु।

१६४. नेपाल सरकारले निर्धारण गरेको तलब प्रदेश सरकार अन्तर्गतका निजामती कर्मचारीहरूलाई पनि लागू हुने व्यवस्था गरेको छु, साथै प्रदेश सरकारले प्रदान गर्दै आएको महंगी भत्तालाई बृद्धि गरि मासिक रु. ५ हजार पुऱ्याएको छु । कर्मचारीहरुको लागि आन्तरिक पर्यटन प्रवर्द्धनका कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छु।

१६५. प्रदेश सञ्चित कोष तथा आर्थिक प्रशासन सञ्चालन एवं सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धमा संघीय सरकारी निकाय माथिको निर्भरता पूर्ण रुपमा अन्त्य गरी प्रदेश सरकार मातहतको निकायबाट छिटो छरितो सेवा उपलब्ध गराउन महोतरी जिल्लामा प्रदेश लेखा इकाई कार्यालय स्थापना गरिनेछ ।

१६६. मधेश प्रदेश सरकारका कर्मचारीहरु (कानुन बमोजिम निवृतभरण पाउने कर्मचारी बाहेक) लाई संघीय सरकारले व्यवस्था गरे बमोजिम समाजिक सुरक्षा कोषमा आबद्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

माननीय सभामुख महोदय,

अब म क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

१६७. आगामी आर्थिक वर्षका लागि कुल खर्च रु ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु. १६ अर्ब ७२ करोड ५ लाख १७ हजार अर्थात् ३५.८९ प्रतिशत, पुँजीगततर्फ रु. ३० अर्ब २६ करोड २८ लाख ३४ हजार अर्थात् ६४.११ प्रतिशत यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ६.१३ प्रतिशत बढी हो।

१६८. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ९ अर्ब ५० करोड ८३ लाख, वित्तीय हस्तान्तरण अनुदान तर्फ वित्तीय समानीकरण अनुदानबाट रु. ७ अर्ब ७२ करोड १९ लाख तथा शसर्त अनुदानबाट रु. ४ अर्ब २६ करोड १८ लाख विशेष अनुदान बाट रु. ३९ करोड ४५ लाख समपुरक अनुदानबाट रु. ३५ करोड ८२ लाख गरी जम्मा रु. १२ अर्ब ७३ करोड ६४ लाख, संघीय राजस्व बाँडफाँटवाट रु. १२ अर्ब ३५ करोड ८४ लाख र गत वर्षको नगद मौज्दातबाट रु. १० अर्ब ३८ करोड २ लाख ५१ हजार व्यहोर्दा रु. २ अर्ब न्यून हुनेछ। सो न्यून पूर्ति गर्न आन्तरिक ऋणबाट रु. २ अर्ब जुटाइनेछ। राजस्व, वित्तीय हस्तान्तरण, नगद मौज्दात र संघीय बाँडफाँटवाट प्राप्त श्रोत परिचालन गर्दा नपुग हुने रकम आन्तरिक ऋणबाट व्यहोरिनेछ।

माननीय सभामुख महोदय,

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को राजस्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१६९. कर तथा गैर कर राजस्व चुहावट न्यूनिकरण गर्न राजस्व प्रशासन शाखालाई सुदृढीकरण गरीने छ

१७०. प्रदेशको राजस्व अभिबृद्धिको लागि सुझाव प्राप्त गर्न राजस्व सुधार सुझाव समिति गठन गरिने छ ।

माननीय सभामुख महोदय,

१७१. आर्थिक वर्ष २०८०/८१ को यथार्थ खर्च, आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान र आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

१७२. अन्त्यमा, समृद्ध मधेशको लक्ष्यप्रति प्रतिबद्ध रही प्रस्तुत बजेट तर्जुमा प्रक्रियामा मार्गदर्शन प्रदान गर्नु भएका माननीय प्रदेश प्रमुखज्यू, मुख्यमन्त्रीज्यू, सभामुख तथा उपसभामुखज्यू, मन्त्रीज्यूहरू, प्रदेशसभा सदस्यज्यूहरू तथा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यसै गरी, बजेट निर्माणको क्रममा अमूल्य सुझाव दिनुहुने राजनीतिक दलहरू, अर्थविद्, विभिन्न क्षेत्रका विज्ञज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मीहरू, गैरआवासीय नेपाली, विकास साझेदार तथा राष्ट्रिय- अन्तर्राष्ट्रिय संघसंस्थाहरू र आम नागरिकहरूप्रति पनि गहिरो आभार व्यक्त गर्दछु ।

म विश्वस्त छु कि प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनबाट प्रदेशको समग्र हित, एकता र स्वाभिमान सुदृढ हुनुका साथै संघीयता संस्थागत हुने र जनताले गुणस्तरीय सेवा प्राप्त गर्नेछन्। यसमा सबै क्षेत्रको सक्रिय सहभागिता रहने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद

## सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**

सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**

धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**

महोत्तरी, मधेश प्रदेश



# चोर र लुटेरा नेताहरूबाट मुलुकलाई मुक्त गर्नुपर्ने आवश्यक्ता छ : प्रभु साह

काठमाडौं । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले बजेटको असमान वितरण गरेर सरकारले अन्याय गरेको बताएका छन् । साथै उनले चोर र लुटेरा नेताहरुबाट मुलुकलाई मुक्त गर्नुपर्ने आवश्यक्ता रहेको उनले बताए । नेपाली जनताले तिरेको करको रिटर्नी नपाएको गुनासो उनले गरे ।



बिहीबार प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै उनले नेताहरुको क्षेत्रमा बजेट खन्याउने र बाँकी जनताहरु हेरेको हेर्यै हुने अवस्था रहेको उनले बताए । देशको बजेट नेपाली जनताको रगत पसिनाबाट बनेको पनि उनले सरकारलाई स्मरण गराए । देशको बजेटमा सबैको समान लगानी रहेको बताउँदै उनले विनियोजन पनि समान हुनुपर्ने बताए ।

'एउटा व्यापारीकोमा गएर हामीले पैसा दियौं भने उसले पैसावापत सामान दिन्छ । एउटा मजदुरले कहीं गएर काम गर्यो भने काम गरेवापतको ज्याला पाउँछ । नेपाली जनताले तिरेको करको चाहीँ रिटर्न चाहिन्छ कि चाहिँदैन ? सबै नेपाली जनताको समान हक हो कि होइन ?,' प्रश्न गर्दै आजपा अध्यक्ष साहले भने, 'यदि समान हक छ भने म सोध्न चाहन्छु- अहिलेको १९ खर्ब ६४ अर्ब रुपैयाँलाई यदि १६५ निर्वाचन क्षेत्रमा बाँडियो भने ११ अर्ब ९० करोड रुपैयाँ हुन्छ । यस्तो अत्याचार किन भयो ? नेताजीको क्षेत्रमा पूरै बजेट खन्याइयो, अरु सांसदहरु हेरेको हेर्यैजस्तो भयो । नेपाली जनताले तिरेको कर नेताहरुको भुँडी भर्नलाई हो ? जनताहरु हेरेको हेर्यै हुने नेताजीहरु मालामाल हुने । यो असमानता देखिएको छ । सरकारले न्याय गरिरहेको छ कि अपराध गरिराखेको छ ? नेपाली जनतासँग पैसा लिने रिटर्न नदिने ?'

नेपाल चलाउन नेता बनेको कि नेपाल बेच्न नेता बनेको भन्ने प्रश्न खडा भएको उनले बताए । नेपाली जनताले अहिले साँच्चै नेतृत्व हो कि चोर हो भनेर खोजीरहेको उनले बताए । जनताले सबै दिनुपर्ने र बजेटभने एक ठाउँमा मात्रै खन्याउने प्रवृत्तिको अन्त्य हुनुपर्ने उनले बताए । नेता साहले नेतृत्वलाई चोरको संज्ञा दिँदै चोरहरुको हातबाट देशलाई मुक्त गराउन आवश्यक भएको बताए । 'हाम्रो उत्पादनहरु महँगो भयो । हाम्रो व्यवसायहरु चौपट भइराखेको छ । किन भने करको कर छ, कर आतंक छ । जनताले सबै दिनुपर्ने, चोरहरुको हातबाट देशलाई मुक्त गराउन जरुरी छ । कुशल नेतृत्व भयो भने बेइमानी हुँदैन,' आजपा अध्यक्ष साहले भने ।

यस्तै उनले सम्मानिय सदनको गरिमामाथि उठाउन उनले सम्भामुखसंग आग्रह समेत गरे । दिनलाई रात बनाउने काम भईरहेको बताउदै उनले सरकारको असमान बजेट बितरण जनताको हितमा नभएको टिप्पणी गरेका छन् । जल, जंगल, नदिखोलामा नेता र नेताका आसेपासेहरुको लुट चलिरहेको समेत उनले बताए ।

## आम शिक्षक संघको संयोजकमा सिंह




काठमाडौं । आम जनता पार्टी (आजपा) निकटको आम शिक्षक संघको केन्द्रीय कमिटी पुनर्गठन भएको छ । रबिन्द्र प्रसाद सिंहको संयोजकत्वमा एक सय एक सदस्यीय कमिटी पुनर्गठन भएको छ । काठमाडौंमा भएको शिक्षकहरुको भएको विशेष भेलाबाट सिंहको नेतृत्वमा कमिटी बिस्तार गरिएको हो । कमिटीको विशेष भेलालाई सम्बोधन गर्दै आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले शिक्षकहरु दलाल एवं लुटकारी दलतन्त्रबाट मुक्त भई आफ्नो हकअधिकारका लागि अगाडी बढनुपर्ने बताए ।

भेलाबाट आम शिक्षक संघको सहसंयोजकद्धयमा सुरेश महतो र संजय साह चयन भएका छन् । यसैगरी सदस्यहरुमा तेजनारायण साह, विरेन्द्र साह, खुशीलाल यादव, बालाराम नेपाली, देवेन्द्र साह, प्रमोद साह, नसरुदिन मन्सुरी, बलिराम गुप्ता, रिनाकुमारी पटेल, बिन्दालाल साह, रामबालक पटेल, राजु साह, मोहन साह, राजाराम महतो, विक्रम पासवान रहेका छन् ।

यसैगरी सदस्यहरुमा नन्दकिशोर साह, लालबाबु जैसवाल, रामबिनय साह, उमाशंकर यादव, जयकिशोर साह, बिजय यादव, मन्जित साह, रामनाथ यादव, अनिल सहनी, रामबाबु साह, रामबिनय यादव, पुर्णसिंह तामाङ, सुजित मण्डल, अजयसिंह कुशवाहा, संजय भगत, कृष्ण यादव, रामध्यान सिंह, गणेश कुमार श्रेष्ठ, राजिव पाण्डे, सुधिर सिंह, घनश्याम बरही, धर्मनाथ यादव, जिवराज खतिवडा, रामकैलाश राय लगायतका रहेका छन् ।

# बैंकसम्म कृषकको पहुँच पुऱ्याउन अभियान चलाइने

**बुटवल ।** कृषि उत्पादन बृद्धिका लागि साना किसानहरुको पहुँच बैंकसम्म पुऱ्याउदै लगानीलाई सरल र सहज बनाउनु पर्नेमा एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । उनीहरुले सबैले अभियान नै चलाएर कृषकको पहुँच बृद्धि गर्नु पर्नेमा जोड दिएका हुन ।

हेफर ईन्टरनेशनल नेपालको आयोजनामा बुटवलमा आयोजित कार्यक्रममा उपस्थित बैंक तथा वित्तिय संस्थाका प्रमुख, बीमा कम्पनीका प्रमुख र सहकारीका पदाधिकारीहरुले उक्त विषयमा जोड दिएका हुन । सरल र सहज लगानीबाट कृषि उत्पादन बृद्धि गर्न सकिने निश्कर्ष निकालिएको छ । लुम्बिनी प्रदेशमा कृषि उत्पादन बृद्धिका लागि लगानी बढाउन र लगानीको सही सदुपयोग गर्न सरोकारवालाहरुले प्रतिवद्धता जनाएका छन ।

कार्यक्रमका प्रमुख अतिथी कृषि विकास बैंक लिमिटेडका लुम्बिनी प्रदेश निर्देशक नवराज न्यौपानेले कृषकहरुको उत्पादन परिमाण र गुणस्तर बृद्धि गर्दै बजारीकरणमा जोड दिनका लागि बैंकहरुको लगानी कृषक मैत्री हुनु पर्नेमा जोड दिनुभयो । साना किसानहरुको पहुँच बैंक सम्म पुऱ्याउन चुनौति भएकोमा बैंक साथी परिचानको अवधारणाबाट हेफरले गरेको सहजीकरण प्रभावकारी हुने वताउनु भयो ।

साना किसान र सहकारीहरुलाई लक्षित गरी ६ प्रतिशत व्याज दरमा ऋृण प्रवाह गर्न भिटा परियोजना शुरुवात गरिएको र परियोजना मार्फत हेफरको कार्यक्षेत्र तथा लुम्बिनी प्रदेशका अन्य सम्भावित क्षेत्रहरुमा पनि वित्तिय साक्षरता कार्यक्रम र व्यवसायिक बैठकमा सहयोग र सहजीकरण गरिएको भन्दै धितोको मापदण्ड पुऱ्याई ऋृण माग गर्ने सहकारीलाई यथासक्य छिटो ऋृण प्रवाह गरिने प्रमुख न्यौपानेले वताउनुभयो ।

प्रभु बैंक लिमिटेडका प्रदेश प्रबन्धक स्मृति श्रेष्ठले प्रक्रिया पुरा गरी आएका कृषकहरुलाई प्राथमिकतामा राखी ऋृण प्रवाह गरिएको वताउनुभयो । राष्ट्रिय सहकारी बैंक बुटवल शाखा प्रमुख संगिता धितालले हेफरसँगको सहकार्यमा सामाजिक उद्यमी महिला सहकारीहरुमा विना धितो ऋृण लगानी गरेको जानकारी गराउदै सहकरीहरुको क्षमता विकासमा जोड दिदै, कृषि तथा पशु बीमालाई प्रभावकारी रुपमा सञ्चालन गर्नु पर्ने र सहकारीहरुको डकुमेन्टसनमा विशेष ध्यान दिनुपर्नेवताउनु भयो ।

हेफर ईन्टरनेशन नेपालका बरिष्ठ कार्यक्रम प्रबन्धक प्रेम कुमार साम्ब्युले सहकारीको क्षमता विकास तथा लगानीको वातावरण निर्माण गर्नका लागि हेफरले सहयोग र सहजीकरण गर्दै आएको उल्लेख गर्दै हेफरको सहजीकरण सहयोगमा १७ वटा बैंकहरुसँग समन्वय गरी नेपाल भर २ अर्व ४० करोड ६२ लाख ७६ हजार ४ सय ८ रुपैया ११ हजार ६ सय ९५ जनालाई लगानी गरिएको बताउनुभयो । साथै हेफर बुटवल क्षेत्रिय कार्यालय अन्तरगत १६ वटा बैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय गरी ३ सय २१ जना महिला तथा युवा उद्यमी र २९ वटा सहकारीमा ४० करोड ७७ लाख ०८ हजार रुपैया लगानी गरिएको वताउनु भयो । बुटवल क्षेत्रिय कार्यालय अन्तरगत पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रुपन्देही र स्याङ्जा जिल्लाका १२ वटा स्थानीय तह र ८१ वटा सहकारीमा कार्यक्रम सञ्चालन भएको वताउनु भयो ।

कार्यक्रममा एभरेष्ट बैंक लिमिटेड बुटवलका प्रबन्धक प्रभात रमण उप्रेती, प्रभु बैंक लिमिटेड तानसेन शाखा प्रबन्धक नगेन्द्र रत्न कोईराला, रानीबास गुल्मी शाखा प्रबन्धक नविन बस्याल, राष्ट्रिय सहकारी बैंक लिमिटेड तिलोत्तमा शाखा प्रमुख रविन गौतम, भैरहवा शाखा प्रमुख ऋृषिकेश ज्ञवाली, सिद्धार्थ ईन्स्योरेन्स कम्पनी पाल्पाका प्रमुख गणेश पन्थी, VITA परियोजनाका लुम्बिनी प्रदेशका फोकल पर्शन बालकृष्ण अर्याल, सप्लाई चेन अधिकृत रुपेश न्यौपाने, निशा न्यौपाने, सेवा नेपालका केन्द्रिय सदस्य शारदा रायमाझी, लुम्बिनी प्रदेश सहसचिव तुल्सी थापा लगायतका विषयमा छलफल गर्नु भएको थियो ।

समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिविम्बित गर्दछ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# आइएमई पे र खल्तीबीच हुने मर्जरमा नेपाल राष्ट्र बैंकबाट अन्तिम कारोबार स्वीकृति प्रदान




काठमाडौं, असार ४ , २०८२ । नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी सेवा प्रदायक संस्था मध्ये नेपालको पहिलो डिजिटल वालेट आइएमई पे र खल्तीलाई मर्जरका लागि अन्तिम स्वीकृति पत्र प्रदान गरिएको छ । नेपालको इतिहासमै दुई ठुला डिजिटल वालेट एक भएर एकीकृत कारोवार हुन लागेको यो नै पहिलो पटक हो । नेपालमा डिजिटल कारोबारको इतिहास हेर्ने हो भने त्यति धेरै लामो समय नभएता पनि यसको प्रयोग भने तिब्र गतिमा भएको छ भन्ने कुराको प्रमाण आइएमई पे र खल्तीको यो संयुक्त कारोबारको अवसर पनि हो ।

आइएमई पे र खल्तीको एकीकृत कारोवार पश्चात आधिकारिक रुपमा कम्पनीको नाम भने आइएमई खल्ती लिमिटेड रहने छ ।यसको रजिस्टर्ड कार्यालय काठमाडौं, पानीपोखरी स्थित रहने छ ।

संयुक्त कारोबार पश्चात अधिकारिक रुपमा एपको नाम खल्ती रहने छ । ठुलो चुक्ता पुजी र पचास लाख भन्दा बढी अधिकारिक प्रयोगकर्ताहरूले खल्ती एपलाई नेपालकै सबैभन्दा ठुलो र बलियो डिजिटल वालेटको रुपमा स्थापित गरेको छ । साथै भुक्तानी सेवा प्रदायक क्षेत्रमा नेपालको ग्रामिण क्षेत्रसम्म पहुँच बिस्तारमा तिब्रता आउने विश्वास कम्पनीले लिएको छ ।

नेपाल राष्ट्र बैंकबाट एकीकृत कारोबारका लागि अन्तिम स्वीकृति पाएसँगै आगामी तिन महिना सम्म प्रयोगकर्ताहरूको समायोजन कार्य तिब्र रुपमा चल्नेछ । जसका लागि दुवै एप ,आइएमई पे र खल्ती यथावत रुपमा संचालनमा रहने छन् । दुबै वालेट प्रयोगकर्ताहरूको रकम र रोयल्टी प्वाइन्टहरू ,खल्ती प्वाइन्ट र आईएमई पे रिवार्ड प्वाइन्टहरू पनि उल्लेखित समयमा एकीकृत हुनेछन् ।

खल्ती र आइएमई पे दुबैमा भएका प्रयोगकर्ताहरू एकै ट्यापमा एपमा एकीकृत हुनेछन् भने आइएमई पे मा मात्र भएका प्रयोगकर्ताहरूको स्वीकृतिमा खल्तीमा समाबेश गरिनेछ ।नया प्रयोगकर्ताको हकमा भने प्रयोगकर्ताले सिधै खल्ती एप डाउनलोड गरेर नया फिचरमा प्रवेश गर्न सक्नेछन् र आइएमई पे एपको मात्र प्रयोग गरिरहेका प्रयोगकर्ताले पनि अब खल्ती एपबाट नै सेवा सुविधाको उपयोग गर्न सक्नेछन्।

संयुक्त कारोवार पश्चात एपको नाम खल्ती भएपनि आइएमई पेमा भएका सवै फिचरहरु त्यहाँ समावेश हुनेछन् । अहिले सम्म आइएमई पेमा रहेका ग्राहक पनि एक ट्यापमै खल्ती एपमा आवद्ध हुन सक्नेछन् । आइएमई पेमा भएका ब्यालेन्स, रिवार्ड प्वाइन्ट सहजै खल्तीमा स्थानान्तरण हुनेछन् । यस कार्यबाट खल्ती एप सहज र सुविधाजनक डिजिटल प्लेटफर्मको रुपमा स्थापित हुने विश्वास लिईएको छ ।

संयुक्त कारोबार पश्चात यो डिजिटल भुक्तानी प्रणाली आगामी दिनमा व्यापक रूपमा प्रयोग हुने मात्र नभई सबैभन्दा विश्वासिलो भुक्तानी प्रणालीको रुपमा रहने कम्पनीको विश्वास रहेको छ । डिजिटल भुक्तानी विस्तारै दैनिक जीवनको एक हिस्सा बन्दै गरेको वर्तमान समयमा आइएमई पे र खल्ती बीचको संयुक्त कारोबार नेपालको डिजिटल क्षेत्रमा कोशेढुंगा सावित हुने विश्वास रहेको छ ।

खल्ती वालेटले आगामी दिनहरुमा प्रयोगकर्ताहरुलाई फिनटेक क्षेत्रमा नया अनुभव प्रदान गर्नेछ । एपमार्फत प्रयोगकर्ताहरूले विश्वको कुनै पनि ठाउँबाट पठाएको रेमिटेन्स सजिलै वालेटमा प्राप्त गर्न सक्नेछन् भने एप मार्फत नै बैंक खाता खोल्न, भिजा कार्ड प्राप्त गर्न सक्नेछन् साथै भबिस्यमा ऋण तथा अन्य सुविधाको पहुँच विस्तार पनि खल्ती एप मै हुनेछ ।यसरी खल्ती एपले फिनटेक प्रणालीलाई नया र बलियो निर्देशन प्रदान गर्ने विश्वास कम्पनीले लिईएको छ ।

हाम्रो जस्तो विकासोन्मुख समाजमा डिजिटल वालेटको कुरा सुनिन थालेको त्यत्ति लामो समय भएको छैन तर यसका प्रयोगकर्ता भने जुन सुकै उमेर समुहका पनि रहेको पाइएको छ । जनसङ्ख्याको ठुलो हिस्सा डिजिटल वालेट प्रयोगमा होमिएको यो यस अवस्थामा गतिशिल समाजलाई अर्थ कारोबारको सवालमा थप गतिशिल बनाउन हाम्रो यो मर्जर अग्रणी बन्नेमा हामी विश्वस्त छौं ।

साथै दुई ठुला कम्पनीको मर्जरले केन्द्रीय बैंकले लिएको फिनटेक सम्बन्धि पहुँच बिस्तारमा सहयोग पुग्न गई नगद कारोबारमा कमि, विधुतीय कारोबार विस्तार सहरी देखि ग्रामिण भेगसम्म आर्थिक क्रियाकलापहरुमा पारदर्शिता एवम कारोबारमा विद्धि गर्दै सम्पूर्ण सबैमा समय र खर्चको सदुपयोग हुने विश्वास लिईएको छ ।

अन्तत केन्दीय बैंक , सरोकारवाला निकाय र ग्राहक महानुभावहरुबाट सदा झैं सहयोग प्राप्त हुनेछ भन्ने कम्पनीको विश्वास रहेको छ ।




## जिल्ला समाचार

### नि:शुल्क स्वास्थ्य शिविर तथा झुल वितरण




सर्लाही । नेपाल भारत विकाश मञ्चले सर्लाहीको बलरा नगरपालिका वडा नं.१ हथिऔलमा नि:शुल्क स्वास्थ्य शिविर तथा झुल वितरण कार्यक्रम संचालन गरेको छ । नि:शुल्क स्वास्थ्य शिविर तथा झुल वितरण कार्यक्रमको अध्यक्षता नेपाल भारत विकास मञ्चका केन्द्रीय अध्यक्ष रामकिशोर सिंहले गरेका थिए भने प्रमुख अतिथिको रूपमा जिल्ला समन्वय समिति सर्लाहीका सभापति कौशल किशोर सिंह रहेका थिए । बलरा नगरपालिकामा रहेको गरिब र दलित बस्तीलाई लक्षित गर्दै यहाँको करिब २ हजार स्थानीयको स्वास्थ्यको ख्याल गर्दै नि:शुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण गरिएको थियो । यसैगरी लामखुट्टेबाट बच्न करिब १२ सय झुल वितरण गरिएको थियो । कार्यक्रममा विशिष्ट अतिथिको रूपमा मधेश प्रदेशका दलित विकास समितिका उपाध्यक्ष राम प्रवेश बैठा, नेपाली काँग्रेसका उपसभापति डा. सरोज यादव, समाजसेवी, सुरक्षाकर्मी, पत्रकार राजनीतिकर्मी लगायत हजारौंको संख्यामा जनसमुदायको उपस्थित रहेको थियो ।

### पूर्वगापा अध्यक्ष साहलाई पक्राउ गर्न अनुमति

राकेश यादव, रौतहट । जिल्लाको दुर्गा भगवती गाँउपालिकाका पूर्वअध्यक्षसहित ३ जनलाई पक्राउ गर्न रौतहट जिल्ला अदालतले अनुमति प्रदान गरेको छ । जग्गा सम्बन्धी रकम ठगी गरेको मुद्दामा पक्राउ गरी अनुसन्धान गर्न इलाका प्रहरी कार्यालय गरुडाले अनुमति माग गर्दा जिल्ला अदालतले दुर्गा भगवति गाँउपालिका वडा नम्बर २ का निवासी अरुण साहलाई पक्राउ पूर्जी जारी गरेको हो । गरुडा ६ पोठियाहीका संतोष कुमार चौधरीले काठमाण्डौ नागार्जुन ४ बस्ने विमला देवी श्रेष्ठ र धिरज श्रेष्ठ संग सर्लाही जिल्लाको हरिपुर वडा नं. ७ मा रहेको जग्गा खरिद गर्नका लागी भएको सम्झौता बमोजिम विभिन्न चरणमा १ करोड ४३ लाख रकम नगद र चेक मार्फत बुझाएका थिए । सो जग्गा खरिदविक्री प्रकरणमा जोडिएका पूर्व गाँउपालिका अध्यक्ष साहले बैंक मार्फत १० लाख रुपैंया लिएर चौधरीको नाममा जग्गा पास गराइदिने आश्वासन दिएका थिए । जग्गा खरिदकर्ता चौधरीले आफ्ना ससुरा प्रभन्य चौधरीको नाममा रहेको नेपाल बैंक लिमिटिडको चेक मार्फत २०८१ भदौ १९ गते अरुण साहलाई चेक दिए पनि उनले जग्गा पास नगराएर आलटाल गर्दै आएको भन्दै चौधरीले पीडक विमला श्रेष्ठ, धिरज श्रेष्ठ र अरुण साह माथि १ करोड ४३ लाख ५० हजार ठगी गरेको ठगी मुद्दा दायर गरेकोमा सो कसुरमा अनुसन्धान गर्न प्रहरीले न्यायपालिकाको अनुमति लिएको हो। “पूर्व पालिका अध्यक्ष सहित तिन जनालाई पक्राउ पूर्जी जारी भएको छ ।” ईलाका प्रहरी कार्यालय गरुडाका डिएसपी राजन कार्कीले भने “मुख्य अभियुक्तहरुसँगै पूर्व अध्यक्ष साहलाई पनि प्रहरीले कानून बमोजिम पक्राउ गर्ने तयारी गरेका छौ ।” तिनै जनालाई पक्राउ गर्न इलाका प्रहरी कार्यालय गरुडाले जिल्ला अदालत गौरलाई जेठ १३ गते अनुमति माँग गरे बमोजिम अदालतबाट पक्राउ पूर्जी जारी डिएसपी कार्कीले बताए । पूर्व गाउपालिका अध्यक्ष साह पहिले देखि नै जग्गा खरिद बिक्रि गर्ने कार्य गर्दै आएका बुझिएको छ।

### कृषि बिमा तत्काल लागु गर्नुपर्ने आजपा सर्लाहीको माग

सर्लाही । आम जनता पार्टी (आजपा)ले किसानलाई समयमै मलखाद सहितको सेवा सुविधा उपलब्ध गराउनुपर्ने माग सरकारसंग गरेको छ । जिल्ला प्रशासन कार्यालय सर्लाही, मलंगवामा प्रमुख जिल्ला अधिकारलाई ज्ञापनपत्र बुझाउदै किसानलाई मलखाद्य लगायतका सेवासुविधा उपलब्ध गराउन माग गरेको हो । आफूहरुको माग समयमै सम्बोधन गर्दै किसानलाई बिउँबिजन, मलखाद्य, सिचाई सहितका सेवा सुविधा उपलब्ध नगराए कडा आन्दोलनको चेतावनी समेत आजपाले दिएको छ । आजपा प्रवक्ता चन्द्रभुषण साहले सरकारले किसानसंग विभेद गर्दै आएको बताउदै आफूहरुको माग पुरा नभए सडकमा उत्रिने चेतावनी दिएका छन् । समयमै युरिया मलखादको पर्याप्त उपलब्धता गराउनुपर्ने, अन्नदाता किसानलाई सम्मान सहित पेन्सनको व्यवस्था गर्नुपर्ने, कृषि बिमा तत्काल लागु गर्नुपर्ने, पर्याप्त एवम् सहज रुपमा सहुलियत कृषि ऋण उपलब्ध गराउनुपर्ने, कृषी उपकरण ट्र्याक्टरमा लाग्ने सम्पूर्ण कर खारेजी गर्नुपर्ने, कृषी विद्युतिकरण पूर्ण नि:शुल्क गर्नुपर्ने, किसानहरुलाई आधुनिक कृषि औजारको व्यवस्था गर्नुपर्ने, कृषि उपजको प्रभावकारी भण्डारण एवं बजारीकरणको व्यवस्था गर्नुपर्ने माग आजपाले गरेको छ । यसैगरी प्राकृतिक प्रकोपबाट हुने क्षतिका लागि राहत प्याकेजको व्यवस्था गर्नुपर्ने, भुमिहीन किसानलाई जग्गा उपलब्ध गराउनुपर्ने, लगायतका माग रहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, जनकपुरधाम, मधेश प्रदेशका साथै सर्लाही जिल्लाका सम्पूर्ण स्थानीय सरकारहरुलाई ज्ञापनपत्रको बोधार्थ आजपाले पठाइएको छ । ‘के आफ्नो पसीना र पौरखले सबैका लागि अन्न उत्पादन गर्ने श्रमजीवी किसानहरुको दु:ख, पीडा र समस्याको समाधान राज्यको दायित्वभित्र पर्दैन ? कृषीमा सुधार नै नगर्ने हो भने, संवैधानिक हैसियतको ७६१ ओटा सरकार र तीनका संयन्त्रहरुको आवश्यकता र औचित्य के हो ? मुलुकमा राजनीतिक बदलावको नाममा पटक पटक कथित व्यवस्था परिवर्तन भयो तर किसानहरुको अवस्थामा तात्विक परिवर्तन किन आएन ? कृषिप्रधान देशमा कृषकहरु नै कृषी पेशाबाट किन पलायन हुँदैछ ? के किसानको अवस्थामा सुधार बिना देशको समृद्धि र विकास सम्भव छ ?,’ आजपाले ज्ञापनपत्रमा उल्लेख गरेको छ ।

# भारतद्वारा नेपालका स्वास्थ्य संस्थाहरुलाई एम्बुलेन्स प्रदान



काठमाडौं । भारत सरकारले नेपालका विभिन्न जिल्लामा रहेका स्वास्थ्य संस्थाहरुलाई ४० वटा एम्बुलेन्स उपहारस्वरुप प्रदान गरेको छ ।

काठमाडौंस्थित भारतीय राजदूतावास, वीरगंजस्थित भारतको महावाणिज्य दूतावास र पोखरा र धरानस्थित भारतीय दूतावासको पेन्सन भुक्तानी कार्यालयहरु सहित चार स्थानमा सवारी साधन हस्तान्तरण समारोह एकैसाथ आयोजना गरिएको थियो ।

नेपालका ७ वटै प्रदेशका ३३ वटा जिल्लालाई समेट्दै कुल ४० वटा एम्बुलेन्स उपहारस्वरुप प्रदान गरिएको काठमाडौंस्थित राजदूतावासले जनाएको छ । जसमध्ये २२ वटा एम्बुलेन्स काठमाडौंमा हस्तान्तरण गरिएको थियो । साथै, भारत सरकारका प्रतिनिधिहरुद्वारा वीरगंजमा ७ वटा, पोखरामा ७ वटा र धरानमा ४ वटा एम्बुलेन्स हस्तान्तरण गरिएको थियो ।

काठमाडौंमा आयोजित समारोहमा भारतीय राजदूतावास, काठमाडौंका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तवले सवारी साधनहरुको चाबी हस्तान्तरण गरेका थिए । कार्यक्रममा बागमती, कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका नगरपालिका र गाउँपालिकाका मेयर र अध्यक्षहरुका साथै विभिन्न लाभार्थी संस्थाका प्रतिनिधिहरु, राजनीतिक प्रतिनिधिहरु र समाजसेवीहरु पनि उपस्थित थिए ।

कार्यक्रममा नियोग उप-प्रमुखले स्वास्थ्य क्षेत्रमा पूर्वाधार सुदृढीकरण गर्ने नेपाल सरकारको प्रयासलाई मजबुत बनाउन नेपाल-भारत विकास साझेदारी अन्तर्गत उपहारस्वरुप प्रदान गरिने एम्बुलेन्स भारत सरकारको लामो समयदेखिको पहलहरु मध्ये एक रहेको कुरामा प्रकाश पारे। उनले यो पहल भारत र नेपालबीचको निकै बलियो र जीवन्त विकास साझेदारीको एक हिस्सा रहेको जुन विगत सात दशकमा झनै विस्तार भएको, गहिरिएर गएको र विविधताले भरिएको बताए ।

कार्यक्रममा नियोग उप-प्रमुखसँगको अन्तरक्रियाको क्रममा लाभार्थीहरुले उनीहरुका जिल्लाहरु र नेपालमा हाल संचालनमा रहेका विभिन्न विकास परियोजनाहरुमा भारतको सहयोगको लागि कृतज्ञता व्यक्त गरे । उनीहरुले नयाँ उपहारस्वरुप प्रदान गरिएका एम्बुलेन्सहरुले आ-आफ्नो क्षेत्रहरुमा स्वास्थ्य सेवाहरुमा पहुँच बढाउन मद्दत गर्ने विश्वास व्यक्त गरे । वीरगंज, पोखरा र धरानका लाभार्थीहरुले पनि यस्तै भावना व्यक्त गरे ।

भारत सरकारले नेपालको स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकता दिँदै नेपालका विभिन्न भागहरुमा रहेका विभिन्न लाभार्थी संस्थाहरुलाई तीन दशकभन्दा बढी समयदेखि एम्बुलेन्स उपहारस्वरुप प्रदान गर्दै आएको छ । सन् १९९४ यता आज उपहारस्वरुप प्रदान गरिएका एम्बुलेन्स सहित भारत सरकारले नेपालभरि १०४९ एम्बुलेन्स उपहारस्वरुप प्रदान गरिसकेको छ । अन्य अवसरमा पनि नेपाल सरकारलाई यस्तै खाले सवारी साधन सम्बन्धी लजिस्टिक सहयोग प्रदान गरिएको छ । आजसम्म नेपालका विभिन्न शैक्षिक संस्थाहरुलाई ३०० वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ । सन् २०२२ मा निर्वाचन सञ्चालन हेतु कानून कार्यान्वयन गर्ने निकायहरु र नेपालको निर्वाचन आयोगलाइ २०० वटा सवारी साधन उपहारस्वरुप प्रदान गरिएको थियो । हालसालै मे २०२५ मा 'सगरमाथा संवाद' को पहिलो संस्करणको आयोजनालाई सहज बनाउन नेपालको परराष्ट्र मन्त्रालयलाई १५ वटा विद्युतीय सवारी साधन उपहारस्वरुप प्रदान गरिएको थियो ।

भारत र नेपालबीच बहुआयामिक र बहुक्षेत्रीय विकास साझेदारी रहेको छ जसले दुवै देशका जनताबीचको निकटतालाई प्रतिबिम्बित गर्दछ । यस्ता बन्दोबस्तीका व्यवस्थाहरुको विस्तारले नेपालको विकास र दुवै देशका जनताबीचको सम्बन्धलाई अझ सुदृढ पार्न भारत सरकारको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ ।

# मोदी र ट्रम्पबीच टेलिफोन वार्ता



काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच बुधबार करिब ३५ मिनेट लामो टेलिफोन वार्ता भएको छ। यसअघि जी सेभेन शिखर सम्मेलनको साइडलाइनमा तय भएको भेटघाट राष्ट्रपति ट्रम्पको आकस्मिक फर्किएपछि हुन सकेको थिएन।

भारतीय परराष्ट्र सचिव विक्रम मिस्रीका अनुसार, यो कुराकानी राष्ट्रपति ट्रम्पको अनुरोधमा भएको हो। पछिल्लो पटक २२ अप्रिलको पहलगाम आतंकवादी हमलापछि ट्रम्पले फोन गरेर सहानुभूति प्रकट गरेका थिए र आतंकवादविरुद्धको भारतको संघर्षमा समर्थन जनाएका थिए।

वार्तामा प्रधानमन्त्री मोदीले ट्रम्पलाई भारतद्वारा पाकिस्तान र पाक-अधिकृत कश्मीरमा गरिएका 'अपरेसन सिन्दूर' बारे विस्तृत जानकारी दिए। मोदीले भारतले "ठूलो, सटीक र गैर-उत्तेजक कारबाही" गरेको र यसको उद्देश्य आतंकवाद उन्मूलन मात्र भएको बताए।

"प्रधानमन्त्रीले राष्ट्रपति ट्रम्पलाई स्पष्ट रुपमा भन्नुभयो कि भारत-अमेरिका सन्धि सम्झौता वा अमेरिका-भारत-पाकिस्तानबीच कुनै प्रकारको मध्यस्थताको प्रस्ताव वा छलफल भएको छैन," परराष्ट्र सचिव मिस्रीले बताए। "भारतले कहिल्यै मध्यस्थता स्वीकार गरेको छैन, गर्दैन र भविष्यमा पनि स्वीकार गर्नेछैन।"

प्रधानमन्त्री मोदीले थपे कि अब भारतले आतंकवादलाई प्रोक्सी वार नभई प्रत्यक्ष युद्धको रुपमा लिने नीति अख्तियार गरेको छ र अपरेसन सिन्दूर अझै जारी रहेको छ।

दुबै नेताबीच इजरायल-इरान युद्ध, इन्डो-प्यासिफिक क्षेत्रमा चासो, र क्वाडको भूमिका बारे पनि छलफल भएको थियो। प्रधानमन्त्री मोदीले ट्रम्पलाई भारतमा हुने आगामी क्वाड शिखर सम्मेलनमा आमन्त्रण गरे, जसलाई राष्ट्रपति ट्रम्पले स्वीकार गर्दै भारत भ्रमणप्रति उत्सुकता जनाएका छन्।

# काठमाडौंमा बृहत थारू सांस्कृतिक कार्यक्रम हुने

काठमाडौं । राष्ट्रिय थारू कलाकार मञ्चले असार ७ गते काठमाडौंमा बृहत राष्ट्रिय थारू सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने भएको छ ।

विश्व संगीत दिवसको अवसरमा मञ्चले थारू भाषा, कला र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यका काठमाडौंमा बृहत राष्ट्रिय थारू सांस्कृतिक कार्यक्रम तथा वार्षिक साधारणसभा गर्न लागिएको राष्ट्रिय थारू कलाकार मञ्चका केन्द्रीय अध्यक्ष विनय वैद्यले जानकारी दिए । उनले भने, ' विश्वभर संगीत दिवस मनाइरहँदा हामीले हाम्रो आफ्नै भाषा, धर्म, कला-संस्कृति र पहिचानलाई जोगाउन सरकारको ध्यानाकर्षण गर्न देशभरका कलाकारहरूको जनचेतनामूलक वृहत सांस्कृतिक कार्यक्रमको आयोजना गरेका छौं। जसमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थारू कलाकारहरूले प्रस्तुति दिनुहुनेछ। '

अध्यक्ष वैद्यका अनुसार कार्यक्रममा ५० बढी मेचीदेखि महाकालीसम्मका थारू कलाकारहरूले थारूको लोक गीत, मौलिक नाँचहरू धुम्रा नाच, झुम्रा, मघौटालगायत थारू सांस्कृति झल्कने प्रकारको प्रस्तुति दिनेछन् ।

उनले पहिलो दिन सांस्कृतिक कार्यक्रम र दोस्रो दिन वार्षिक साधारणसभा पनि हुने जसमा केही विधान संशोधन हुने जानकारी दिए ।

# लोसपाद्वारा गहिरो दुःख व्यक्त

काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतको भारतको अहमदावादमा भएको विमान दुर्घटनाप्रति लोकतान्त्रिक समाजवादी पार्टी नेपालले गहिरो दुःख व्यक्त गरेको छ । लोसपा अध्यक्ष महन्थ ठाकुरले शुक्रबार प्रेस विज्ञप्ति जारी गरी मित्रराष्ट्र भारतको अहमदावादबाट यूकेका लागि उडेको एयर इण्डियाको विमान दुर्घटनाग्रस्त हुनु धेरै नै दुखद तथा हृदय विदारक रहेको बताएका छन् । विमानमा सवार चालकदल सहित २४२ यात्रु मध्ये २४१ जनाको घटना स्थलमै ज्यान गएको र एक जना घाईते भई उपचारार्थ रहेको खवरले भारत एवं सम्बन्धित देश मात्र नभई सम्पूर्ण विश्वलाई नै स्तब्ध एवं दुखित बनाएको उनले उल्लेख गरेका छन् । उनले भनेका छन्, 'उक्त दुर्घटना प्रति लोसपा नेपाल गहिरो दुःख व्यक्त गर्दछ । साथै दुर्घटनामा परी निधन हुनु भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते हुनुभएकाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं तथा शोकाकुल परिवारजन प्रति पार्टी र म आफ्नो तर्फबाट हार्दिक सम्वेदना प्रकट गर्दछौ ।'


## हाम्रो पहिचानमा हाम्रो गौरव

- नेपाली भाषा र संस्कृतिलाई आत्मसात गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधतामा एकता कायम गरौं,
- राष्ट्रको पहिचानमा सम्मान गरौं ।

"हाम्रो पहिचान, हाम्रो स्वाभिमान"

नेपाल सरकार
विज्ञापन बोर्ड

## विपद्को पूर्वतयारी गरौं

- सम्भावित विपद्को मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आबद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं